


नेपाल सरकार

वन तथा भू संरक्षण मन्त्रालय

**वन पैदावार विकास समिति**

**सागरनाथ वन विकास परियोजना**

सर्लाही

२०७०, श्रावण

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०६९/७०




नेपाल सरकार

वन तथा भू संरक्षण मन्त्रालय

**वन पैदावार विकास समिति**

**सागरनाथ वन विकास परियोजना**

सर्लाही

२०७०, श्रावण



मसला कपिस



मसला कपिस स्ट्याण्डको सर्पट कटान



सागरनाथ नर्सरीको ग्रिन हाउसमा मसलाको विरुवा जर्मिनेशन



सागरनाथ नर्सरीमा मसलाको विरुवा

# वार्षिक प्रगति प्रतिवेदन

२०६९/०७०

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
**वन पैदावार विकास समिति**
**सागरनाथ वन विकास परियोजना, सर्लाही**
सर्लाही

२०७०, श्रावण

**नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५)को राज्यका नीतिहरूमा वन तथा वातावरण सम्बन्धी व्यवस्था :**

> *"राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ" .... ।*

**राष्ट्रिय गान**

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।
प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

---

**प्रकाशक:**
**नेपाल सरकार**
**वन तथा भू-संरक्षण मन्त्रालय**
**वन पैदावार विकास समिति**
**सागरनाथ वन विकास परियोजना**

**सर्वाधिकार : प्रकाशकमा निहित**

**मुद्रण : सिग्मा जनरल अफसेट प्रेस**
**साँचल, सानेपा, ललितपुर**
**फोनः ५५५४०२९**

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन पैदावार विकास समिति**
केन्द्रीय कार्यालय

☎ ४२२१२३०, ४२३१६३४
फ्याक्सः ९७७-१-४२५३३०२

बबरमहल
काठमाडौं, नेपाल ।

पत्र संख्या :
चलानी नम्बर :
प्राप्त पत्र संख्या र मिति :

## मन्तव्य

साढे तीन दशक अगाडी मध्य तराईका दुई जिल्ला सर्लाही र महोत्तरीमा अवस्थित कम हैसियत भएको प्राकृतिक वनलाई यस समिति अन्तर्गत स्थापित सागरनाथ वन विकास परियोजनाद्वारा मसला, सिसौ जस्ता छिटो हुर्कने प्रजातिको विरुवा वृक्षरोपण गरी वनक्षेत्रको उत्पादकत्वमा बृद्धि गर्दै लगेको देख्न सकिन्छ । यो नेपालको एक मात्र वैज्ञानिक वन व्यवस्थापन अनुरुप मानव निर्मित नमूना वनक्षेत्रको रुपमा रहेको छ। यसले वन पैदावारको सहज आपूर्तिमा सघाउ पुऱ्याउनुका साथै वन पैदावारमा आधारित उद्योग संचालन र निजी वन विकासमा टेवा पुऱ्याई समग्र रुपमा वातावरणीय, आर्थिक तथा सामाजिक विकासमा सहयोग प्रदान गर्दै आएको छ। वैज्ञानिक वन व्यवस्थापनका कार्यहरुको माध्यमबाट हजारौं ग्रामीण किसानको घरदैलोमा रोजगारीको अवसर पुऱ्याउन परियोजना सफल हुंदै आएको छ ।

विगतको असहज परिस्थिति तथा राजनितिक पृष्ठपोषणमा व्यापक रुपमा अतिक्रमणको चपेटामा परेको परियोजनाको मूर्तिया क्षेत्रलाई अतिक्रमणबाट मुक्त गरी वन व्यवस्थापन गर्ने कार्य चुनौतीको रुपमा रहेको छ। सागरनाथ वन विकास परियोजनले स्थानीय स्तरमा र वन पैदावार विकास समितिले केन्द्रीय तहमा नियन्त्रण तथा व्यवस्थापनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनका लागि आवश्यक बजेट प्राप्त गर्ने र सुरक्षा व्यवस्था सवल गराउन आवश्यक समन्वयकारी गृहकार्य भैरहेको छ ।

विगत केही वर्ष देखि परियोजनाबाट वार्षिक प्रतिवेदन प्रकाशन हुन नसकेको अवस्थामा आ.व.०६९।०७० मा सम्पादन गरिएको सम्पूर्ण गतिविधिलाई सार्वजनिक गर्ने उद्देश्यले परियोजनाले तयार गरेको बार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ । मुख्यतः दुई भागमा विभक्त यस प्रतिवेदनले परियो जनाको बार्षिक प्रगति, प्रगति हासिल गर्न परिआएका समस्या एवं चुनौतीहरु र तिनका समाधानका प्रयासहरुको अलावा परियोजनाको भौतिक परिस्थिति, सांगठनिक ढाँचा, कार्यरत कर्मचारीहरुको विवरण समेत पस्कन गरेको प्रयास सह्रानिय छ । यसले सरोकारवालाहरुलाई परियोजना वारे थप जानकारी लिन सहयोग पुग्नुका साथै परियोजनाबाट संचालित कृयाकलापहरु थप पारदर्शी हुन गई नीति निर्माण तह समेतमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्तमा, यो प्रतिवेदन तयारी र प्रकाशन गर्ने कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

.......................................
मनोज उप्रेति
कार्यकारी अध्यक्ष

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन पैदावार विकास समिति
**सागरनाथ वन विकास परियोजना, सर्लाही**

पत्र संख्या :
चलानी नम्बर :

मितिः................................

## मन्तव्य

वन व्यवस्थापनका ज्ञान, सिप तथा प्रविधिको विकास प्रवर्द्धन गर्न वि.स.२०३५ सालमा स्थापित सागरनाथ वन विकास परियोजनाले तीन दशक पारगरी वन सम्वर्धनको सरपट कटान तथा वृक्षरोपण पद्दतिको सफल कार्यान्वयनलाई निरन्तता दिएको छ । यस पद्दतिद्वारा मध्य तराईका मुख्य दुई जिल्लाको कम हैसिसयत भएको करिब १३००० हेक्टर वन क्षेत्रमा छिटो वढने प्रजातिका वृक्षरोपण, सम्वर्द्धन र सदुपयोग गरी वन पैदावारको आपूर्तिमा सघाउ पुर्‍याएको, स्थानिय ग्रामिण समुदायमा जीविकोपार्जनका विविध अवसर प्रदान गर्दै ग्रामिण अर्थतन्त्रलाई चलायमान भएको महसुस गर्न सकिन्छ। परियोजनामा विकसित प्रविधिको उपयोग र प्रभाव स्वरुप स्थानीय एवं आसपासका जिल्लाहरुमा उल्लेख्य रुपमा मसलाको निजी वनको विकास भएको हेर्न पाईन्छ । तीन दशक अगाडि स्वदेशी र विदेशी वन विज्ञहरुले परिकल्पना गरी सृजना भएको यस परियोजनामा मुलुकमा अध्ययनरत सयौ वन विज्ञानका विद्यार्थिका लागि वन सम्वर्धन प्रणालीको अध्ययन अध्यापन गराउने तथा वन अनुसन्धानका लागि उपयुक्त थलो भएको छ ।

वनक्षेत्रमा भएका अतिक्रमण, वनबाट हुने अनियमित चोरी कटानी र वन प्राविधिक तथा प्रविधिको व्यवस्थापनमा देखिएको कमजोर अवस्थामा सुधार गर्नु प्रमुख चुनौति देखिन्छ । विगत केही वर्ष देखि परियोजनाबाट वार्षिक प्रतिवेदन प्रकाशन नभएको अवस्थामा, गत आर्थिक वर्षमा सम्पादन गरिएका सम्पूर्ण गतिविधि समावेश गरी माथि उल्लेखित विविध पक्षहरुको तथ्यगत विवरण यस प्रतिवेदनमा प्रस्तुति गर्ने प्रयास गरिएको छ । परियोजनाद्वारा यो प्रतिवेदन प्रकाशन गर्न सकिएकोमा खुशी लागेको छ। यो पुस्तिका तयार गर्न उप सचिव श्री बलिराम पण्डितले मुख्य भूमिका निर्वाह गर्नु भएको छ। यसले सरोकारवालाहरुलाई परियोजना वारे थप जानकारी लिन सहयोग पुग्ने तथा परियोजनाबाट संचालित कृयाकलापहरु थप पारदर्शी हुनेमा विश्वास लिएको छु। प्रस्तुत प्रतिवेदनमा केही कमी कमजोरी हुन सक्दछन, पाठक वर्गहरुले यस्ता त्रुटी औल्याई सुझाव वा प्रतिकृया उपलव्ध गराउन अनुरोध गर्दछु । बहुमुल्य सुझाव एवं टिप्पणीले भावि प्रकाशनलाई अरुबढी सूचनामूलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु।

अन्तमा, यो पुस्तक तयारीमा आवश्यक सूचना उपलब्ध गराउने स.व.अ.चन्द्रा कुमारी श्रेष्ठ, सुपरभाइजर तारा बिक्रम खडका, टा.ख.सुमन मानन्धर लगायत पुस्तक तयारी तथा छपाईमा सहयोग गर्ने सम्पूर्ण सहयोगी कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु।

........................................
हेमलाल आर्याल
का.मु.प्रमुख

# विषय-सूची

भाग १

१. पृष्ठभूमि ........ १
  १.१ परिचय ........ १
  १.२ कार्यक्षेत्र ........ २
  १.३ भू–उपयोग ........ ३
  १.४ ग्रीन बेल्ट ........ ४
  १.५ भू–बनोट तथा हावापानी ........ ४

२. व्यवस्थापनका मुख्य उद्देश्यहरु ........ ४

३. सांगठनिक संरचना ........ ५
  ३.१ फिल्ड एकाई र कार्यक्षेत्र ........ ६
  ३.२ व्यवस्थापन शाखा र रेञ्ज यूनिटको संगठन स्वरुप ........ ७
  ३.३ कर्मचारी दरबन्दी तथा पदपूर्ति अवस्था ........ ७

४. भौतिक पूर्वाधार ........ ९
  ४.१ सवारी साधन ........ ९
  ४.२ भवनहरुको अवस्था ........ १०
  ४.३ डिष्टिलेशन प्लाण्ट तथा चिरान मिल ........ १०
  ४.४ खानेपानी व्यवस्था ........ १०

भाग – २

५. मुख्य कृयाकलाप ........ ११
  ५.१ नर्सरी तथा विरुवा उत्पादन ........ ११
  ५.२ विरुवा विकी वितरण ........ १३
  ५.३ वृक्षरोपण र वृक्षरोपण व्यवस्थापन ........ १४
  ५.४ वन पैदावारको उत्पादन ........ २०
  ५.५ वन पैदावारको बिकी वितरण ........ २१

६. वन संरक्षण र यसका चुनौती ........ २६
  ६.१ वन अतिक्रमण ........ २६
  ६.२ वन पैदावारको चोरी निकासी नियन्त्रण ........ ३१
  ६.३ चरिचरण ........ ३२
  ६.४ वन डढेलो ........ ३२

७. आर्थिक विवरण ........ ३३
  ७.१ आ.व. ०६९।०७० को बजेट निकाशा र खर्च ........ ३३
  ७.२ आय तथा राजस्व बिबरण ........ ३४
  ७.३ धरौटीको विवरण ........ ३६

८. बार्षिक भौतिक प्रगति समीक्षा ............................................................................................ ३७
८.१ मूख्य सिकाई ............................................................................................ ३७
८.२ अवसर तथा उपलब्धी ............................................................................................ ३८
८.३ बिद्यमान समस्या तथा चुनौतीहरु ............................................................................................ ३९
८.४ समाधानका लागि सुझाव ............................................................................................ ४१
९. सन्दर्भ साम्रगी ............................................................................................ ४२
१०. अनुसूचीहरु ............................................................................................ ४३-७५

## तालिकाहरु

तालिका १: परियोजना क्षेत्र अन्तर्गतका जिल्ला र गाविस ............................................................ ३
तालिका २: भू-उपयोग ............................................................ ३
तालिका ३ : कर्मचारी दरबन्दी तथा पदपूर्ति अवस्था ............................................................ ८
तालिका ४ : चालू अवस्थाका सवारी साधनको विवरण ............................................................ ९
तालिका ५ : विरुवा उत्पादन विवरण ............................................................ १२
तालिका ६ : विरुवा बिक्री वितरण विवरण ............................................................ १३
तालिका ७ : प्रमुख प्रजाति अनुसारको वृक्षरोपण क्षेत्रफल ............................................................ १४
तालिका ८ : वन सम्बर्द्धन कृयाकलापहरु (०६९।०७०) ............................................................ १५
तालिका ९ : आ.व. ०६९।७० मा गोडमेल भएका प्लटहरु ............................................................ १६
तालिका १०: आ.व. ०६९।७० मा वृक्षरोपण भित्र घाँस/झाडी काटी सरसफाई गरेका प्लटहरु ........ १७
तालिका ११: आ.व. ०६९।७० मा कपिस डब्लिङ्ग ............................................................ १८
तालिका १२ : आ.व. ०६९।७० मा कपिस सिङ्गलिङ्ग ............................................................ १८
तालिका १३: आ.व.०६९।०७० मा सरपट कटान मुछान भएका ब्लकहरुको विवरण ............................ १९
तालिका १४: आ.व.०६९।०७० मा उत्पादित वन पैदावारको विवरण ............................................ २०
तालिका १५: विगत ५ वर्षमा वन पैदावार उत्पादन विवरण ............................................ २१
तालिका १६: आ.व.०६९।०७० मा बिक्री भएको वन पैदावारको विवरण ............................................ २३
तालिका १७ : विगत पाँच वर्षमा वन पैदावार बिक्री विवरण ............................................ २४
तालिका १८: स्थानिय आपूर्ति सम्बन्धी विवरण ............................................ २५
तालिका १९ : परियोजनाको क्षेत्रमा भएको अतिक्रमण अवस्था ............................................ २७
तालिका २० : हाथिलेट वन व्यवस्थापन शाखा अन्तर्गत अतिक्रमणको विवरण ............................ २८
तालिका २१: भक्तीपुर रेन्ज यूनिटको अतिक्रमणको विवरण ............................................ २९
तालिका २२ : आ.व. ०६९।०७० मा बरामद माल बस्तु तथा कारवाही ............................................ ३१
तालिका २३ : आ.व. ०६९।०७० को बजेट निकाशा र खर्च ............................................ ३३
तालिका २४ : विभिन्न शीर्षक अन्तर्गतका आम्दानी ............................................ ३४
तालिका २५: आ.व.०६९।०७०को आय तथा राजस्व ............................................ ३५
तालिका २६ : विगत ५ वर्षको आय तथा राजस्व ............................................ ३५
तालिका २७: आ.व. ०६९।७० को धरौटीको विवरण ............................................ ३६

# भाग १

## १. पृष्ठभूमि :

### १.१ परिचय

नेपालको मध्य तराईका मुख्य दुई जिल्ला सर्लाही र महोत्तरीको पूर्व-पश्चिम राजमार्गदेखि दक्षिण, पूर्वमा भव्सी खोला र पश्चिममा बागमती नदी बीचमा रहेको करिब १३,५०० हेक्टर राष्ट्रिय वन क्षेत्र परियोजनाको कार्यक्षेत्र रहेको छ । परियोजनाको कूल क्षेत्रफलमा रौतहटको दुधिअवा तथा जुडीवेला गा.वि.स.मा समेत पर्दछ । देशमा तत्कालिन अवस्थामा दाउरा आपूर्ति सम्बन्धि समस्याको समाधानका लागि कम हैसियत भएको वन जंगलमा छिटो बढ्ने तथा प्रति एकाई जग्गाबाट बढी उत्पादन दिने प्रजातीलाई प्राथमिकता दिई परियोजनालाई उपलब्ध कार्यक्षेत्र अन्तर्गत वृक्षारोपण कार्यक्रम संचालन गरी वन पैदावारको आपूर्तिमा सघाउ पुऱ्याउने मुख्य उद्देश्यले एशियाली विकास बैंकको ऋण सहायताबाट विकास समिति ऐन २०१३ बमोजिम गठित वन पैदावार विकास समिति अन्तर्गत सागरनाथ वन विकास परियोजनाको वि.स.२०३५ सालमा स्थापना भएको हो । (अनुसूची १ (क) र (ख) मा हेर्नुहोस) यसको कार्यालय सर्लाही जिल्लाको भक्तिपुर गा.वि.स.वडा न.२ मा अवस्थित सागरनाथको मन्दिर नजिकै रहेको छ ।

परियोजनाको कूल क्षेत्रफल १३,५०० हेक्टरमध्ये करीब १०,७४० हेक्टर क्षेत्रफलमा कम हैसियत भएका प्राकृतिक वन जंगलको सरपट कटान गरी छिटो बढ्ने, कम समयमा बढी उत्पादन दिने प्रजाती मसला, सिसौ, टिक तथा अन्य प्रजातीको वृक्षारोपण गरिएको छ । वृक्षारोपण असफल भएको ठाउँहरुमा हाल सालको प्राकृतिक पुनःउत्पादन भैरहेको छ । करीब २० जातका रुखहरुको परिक्षण वृक्षरोपणको बृद्धिदरको आधारमा मसला (*Eucalyptus camaldulensis*) जातको रुख उपयुक्त देखिंदा वृक्षरोपणमा यस प्रजातिको बाहुल्यता देखिन्छ । शुरुका वर्षहरुमा भब्सीखोला (महोत्तरी) देखि फुलजोर खोला (सर्लाही) सम्म करिब २० कि.मि. लम्बाई तथा ४–६ कि.मि.चौडाई क्षेत्रको ७००० हेक्टरमा वृक्षरोपण कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०४२/०४३ देखि २०५२/०५३ सम्म पूर्वमा लखनदेही खोलादेखि पश्चिम बागमती किनारको मूर्तिया क्षेत्रमा करिब ३,००० हेक्टर क्षेत्रफलमा वृक्षरोपण कार्य सञ्चालन गरिएको थियो र अन्त्यमा रौतहट जिल्ला अन्तर्गतको जुडीबेला र दुधिअवामा करीब २५० हेक्टर क्षेत्रफलमा वृक्षरोपण भएको थियो । वृक्षरोपण गर्दा १०० हेक्टरको ब्लकलाई फायरलाइनहरुद्वारा २५ हेक्टरका प्लटहरुमा विभाजन गरी अधिकांश ब्लकहरुमा एकै प्रजातिका बिरुवा लगाइएको थियो । वृक्षरोपण क्षेत्रमा बाटोघाटो, अग्निसंरक्षण रेखा, वाच टावर, संरक्षण अफिस आदि समेत बनाइएको छ ।

यस परियोजनाको वृक्षरोपण क्षेत्रमा शुरुका दिनहरुमा करिब १,५०० किसान परिवारहरुलाई टाँगीया प्रणालि अन्तर्गत कृषिबाली लगाउन दिइएको थियो जसले बिरुवाहरुको गोडमेल, आयतन वृद्धि तथा अग्निसंरक्षणको कार्यमा सहायता पुग्नुको साथसाथै ग्रामीण किसानहरुलाई कृषि उत्पादनबाट जिविकोपार्जनमा ठूलो योगदान पुगेको थियो । यसरी टाँगिया खेतीको नाममा निश्चित अवधिको लागी स्थानीय जनतालाई उपलब्ध गराइएको क्षेत्रमा विगतमा देशको असहज परिस्थितिको फाइदा उठाई तोकिएको अवधिपछि पनि राजनितिक पृष्ठपोषणमा खेती कार्यले निरन्तरता पाउनुको कारणले अतिक्रमणको गति पनि असामान्य रुपले वृद्धि हुँदै गएको र काठ चोरी तस्करीको कार्यले पनि तिव्रता पाउँदै आएको देखिन्छ । हाल मूर्तिया वन व्यवस्थापन शाखा अन्तर्गतका घुर्कौली र बागमती रेञ्ज यूनिटभित्र पर्ने प्रायः सम्पूर्ण प्लटहरु अतिक्रमणको चपेटामा परी त्यसमा भएका प्रायः रुख चोरीकटानी भैसकेको अवस्था रहेको छ भने सागरनाथ र हाथिलेट वन व्यवस्थापन शाखा अन्तर्गतका केही प्लटहरुमा आंशिक रुपमा अतिक्रमणको चपेटामा परेको छ । यसका अतिरिक्त करिब १० प्रतिशत प्लटहरुको वृक्षरोपण असफल भएको र यस्ता प्लटहरु झाडीदार वनको रुपमा परिणत भएको छ । तसर्थ औसतमा यसको वनको अवस्था कमजोर हुँदै गएको देखिन्छ ।

सागरनाथ वन विकास परियोजना नेपालको एउटा सानो क्षेत्रमा सञ्चालित भएपनि राष्ट्रलाई विद्युत्त प्रसारण को निमित्त आवश्यक पर्ने काठका विद्युत पोल लगायत काठ दाउराको आपूर्तिमा टेवा पुऱ्याएको छ । साथै वन व्यवस्थापनका विविध कार्यक्रमहरुमार्फत स्थानीय सीमान्त ग्रामिण समुदायहरुमा रोजगारी प्रदान गरी आर्थिक उन्नतिका अवसर घरदैलोमा पुऱ्याउन सफल भएको छ । वन व्यवस्थापन गरिंदा काटछांट, टुप्पाटुप्पी तथा वृक्षरोपण क्षेत्रमा प्राप्त हुने अन्य लघु वन पैदावारबाट आसपासका कृषक परिवारले आफ्ना आधारभूत आवश्यकताको परिपूर्तिमा समेत मद्दत पाइरहेका छन् । यसका अतिरिक्त परियोजनाको सिकाईबाट आसपासका जिल्लाहरुमा उल्लेख्य रुपमा मसलाको निजी वन विकास भएको हेर्न सकिन्छ । प्राविधिकरुपमा परियोजनाको वृक्षरोपण कार्यक्रम सन् १९९१ मा सम्पन्न भएपनि वन व्यवस्थापन तथा वृक्षरोपणका कार्यक्रमलाई निरन्तर गरिरहनुपर्ने प्रक्रिया भएकोले शुरुका वर्षहरुमा नेपाल सरकारको सहयोगमा र हाल आफनै श्रोतबाट सञ्चालन भइरहेको छ ।

## १.२ **कार्यक्षेत्र** :

परियोजनाको कार्यक्षेत्र मध्य तराईका तीन जिल्ला महोत्तरी, सर्लाही र रौतहट पर्दछ । यसको सिमाना उत्तर - दक्षिणको साँगुरो चौडाई र पूर्व - पश्चिम फैलावटमा लोकमार्गको दक्षिण र तीनवटा जिल्लाको गाउँ बसोबास क्षेत्रसंग जोडिएको हुँदा २१ वटा गाउँ विकास समिति अन्तर्गत पर्दछ ।

**तालिका १: परियोजना क्षेत्र अन्तर्गतका जिल्ला र गाविस**

| जिल्ला | सर्लाही | महोत्तरी | रौतहट |
|---|---|---|---|
| गा.वि.स. | भक्तिपुर, ढुंग्रेखोला, गौरीशंकर, हरिऔन, ईश्वरपुर, बबरगंज, रानीगंज, मूर्तिया, शंकरपुर, राजघाट, कर्मैया, घुर्कौली | बर्दिबास, हाथिलेट, लक्ष्मिनिंया, भरतपुर, रामनगर, बेलगाछी, गौशाला | जुडीवेला र हिमालीवास (दुधियावा) |
| संख्या | १२ | ७ | २ |

## १.३ भू-उपयोग :

परियोजनाको कुल वनक्षेत्रलाई भू-उपयोगिताका दृष्टिकोणले निम्न बमाजिम वर्गीकरण गरिएको छ :

**तालिका २: भू-उपयोग**

| व्यवस्थापन क्षेत्र | वनको क्षेत्रफल (हे.) | वृक्षरोपणक्षेत्र (हे.) | अतिक्रमित क्षेत्रफल (हे.) |
|---|---|---|---|
| सागरनाथ वन व्यवस्थापन | ३८६६ | ३५८१ | १२ |
| हात्तीलेट वन व्यवस्थापन | ४८७५ | ४४५० | ३२० |
| मुर्तिया वन व्यवस्थापन (रौतहट समेत) | ३०५३ | २७०९ | २५४९ |
| ग्रीन वेल्टको प्राकृतिक वन | ११०१ | – | १० |
| खोला र नदी क्षेत्र | ६१७ | – | – |
| **जम्मा** | १३,५१२ | १०,७४० | २,८९१ |

श्रोत : परियोजना रेकर्ड



### १.४ ग्रीन बेल्ट :

परियोजनाको उतरमा पूर्व पश्चिम लोकमार्गको समानान्तर र नदी खोलाहरुका किनारहरुमा सौन्दर्यता तथा वातावरणीय संरक्षण उद्देश्यले ११०१.२५हे. क्षेत्रफल प्राकृतिक वनलाई ग्रीन बेल्टकोरुपमा संरक्षण गरिएको छ। यसको कुल क्षेत्रफलमध्ये सडक वा लोकमार्ग किनार ३९५ हे. (सागरनाथमा १५० हे., लक्ष्मिनियामा १०५ हे., कुश्मारीमा १०५ हे.र हात्तीलेटमा ३५ हे.) र नदी खोला किनार ७०६.२५ हेक्टर पर्दछ। व्यवस्थापनका लागि यसलाई ७ वटा कम्पार्टमेन्टमा बिभाजन गरिएको छ।

### १.५ भू-बनोट तथा हावापानी :

परियोजनाको भू-भाग तराई भावर क्षेत्रमा पर्दछ। यो भेगमा माटोको परत पातलो छ, यसको गहिराई उत्तरदेखि दक्षिणमा औषतमा क्रमशः बढ्दै गएको पाइन्छ र भूसतहको सतहमुनी बालुवा, गेग्रान र ढुङ्गाले भरिएको छ। परियोजनाको ७९ प्रतिशत क्षेत्रमा Alluvial plain (नदी उकास), १४ प्रतिशत क्षेत्रमा Undulating र ७ प्रतिशत क्षेत्रमा नदी/खोला पर्दछ। यस भेगको माटोको अम्लीयपना ५.१ $P^H$ देखि ६.४ $P^H$ रहेको छ। भूमिगत पानीको सतह धेरै तल छ। परियोजनाको अधिकांश क्षेत्रमा पानीको सतह जमिनको सतहभन्दा करिब २० देखि ९० मिटर तलसम्म पाईन्छ। वर्षाको पानीमा मात्र भर पर्नुपर्ने हुँदा चाँडो हुर्कने र छोटो अवधिमा उत्पादन लिन सकिने बिरुवाहरु लगाई बढी फाइदा लिनुपर्ने बाध्यता छ। यहाँ उष्णप्रदेशीय प्रकारको हावापानी पाइन्छ। वर्षायाममा औषत १,५०० मि.मि. पानी पर्दछ भने गर्मीयाममा औषत ४०° से. सम्म तापक्रम पुग्ने हुँदा सुक्खा मौसममा वन डढेलो लाग्ने संभावना बढी रहन्छ।

## २. व्यवस्थापनका मुख्य उद्देश्यहरुः

- कम हैसियत भएको वनक्षेत्र सरपट कटान गरी छिटो बढ्ने र धेरै उत्पादन दिने रुख प्रजातिका वृक्षारोपण गरी स्थापना गर्ने दिगो व्यवस्थापनबाट सतत् रुपमा काठ, दाउरा र अन्य वन पैदावारहरुको उत्पादन गर्ने।
- उत्पादित वन पैदावारको स्थानीय आपूर्ति र व्यवसायिक विक्रि वितरणको समुचित व्यवस्था मिलाउने।
- वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउने।
- वृक्षारोपण क्षेत्रमा जनसहभागिता जुटाउन कृषिवन प्रवर्द्धन गरी विपन्न परिवारको जिविकोपार्जनमा टेवा पुऱ्याउने।
- वृक्षारोपण व्यवस्थापनको लागि वन प्रविधिहरुको प्रयोगात्मक अनुसन्धान (Action Research) गरी उत्पादकत्वमा वृद्धि गर्ने।

## ३. सांगठनिक संरचना:

विकास समिति ऐन २०१३ बमोजिम नेपाल सरकारले वन पैदावार विकास समिति गठन आदेश २०३३ को पहिलो संशोधन २०३५ साउन ११ गते सागरनाथ वन विकास परियोजना स्थापना गरेको हो । यस परियोजना कार्यान्वयन गर्न, वन पैदवार विकास समिति अन्तर्गत परियोजनाको नीतिगत र संचालनको लागि परियोजनाको सांगठनिक संरचना (चित्र २) स्थापित गरेको छ (विस्तृतिको लागि अनूसुची १ (क) र (ख) हेर्नुहोस)। परियोजनाको मुख्य कार्यालय सर्लाही जिल्लाको भक्तिपुर गा.वि.स. वडा नं. २ मा रहेको छ ।

परियोजना क्षेत्रको वनको सरपट कटान गरी वृक्षरोपण तथा दिगो वन व्यवस्थापनको माध्यमले वन पैदावारको उत्पादन गरी वन पैदावारको सदुपयोगलाई व्यवसायीकरण गर्दै आपूर्ति तथा विक्रि वितरणको समुचित व्यवस्था गर्न भक्तिपुर गा.वि.स.वडा न. २ मा रहेको मुख्य कार्यालय अन्तर्गत फिल्डस्तरमा तीनवटा वन व्यवस्थापन शाखाहरु क्रमशः मुर्तिया, सागरनाथ तथा हात्तीलेट रहेका छन् । उक्त तीन वटा शाखा अर्न्तगत तल उल्लेख भए बमोजिमका जम्मा ७ वटा रेन्ज युनिटहरु रहेका छन् ।

**चित्र २: सागरनाथ वन विकास परियोजनाको संगठन संरचना**



## ३.१ फिल्ड एकाई र कार्यक्षेत्र :

### ३.१.१ हाथिलेट वन व्यवस्थान शाखा (महोत्तरी) :

| क्र.स. | रेञ्ज यूनिट | क्षेत्रफल हे. | व्यवस्थापन ब्लक |
|---|---|---|---|
| (क) | हाथिलेट युनिट | १४९५.४६ | १ –१५ र १७–२२ |
| (ख) | कुश्मारी युनिट | १४२३.१३ | १ –४ र ६–२० |
| (ग) | लक्ष्मीनियां युनिट | १५३२.१० | १ –२० |
| | **जम्मा** | **४४५०.६९** | |

श्रोत : परियोजना रेकर्ड

### ३.१.२ सागरनाथ वन व्यवस्थान शाखा (सर्लाही):

| क्र.स. | रेञ्जयूनिट | क्षेत्रफल (हे.) | व्यवस्थापन ब्लक . |
|---|---|---|---|
| (क) | भक्तिपुर युनिट | १५४४.१९ | १–६ र ८–२१ तथा २४ र २७ |
| (ख) | सागरनाथ युनिट<br>परवानीपुर | १९०८.७०<br>१२७.९४ | १–११ र १३–१५<br>१७–१९ र २१–२३<br>फुल्जोर १–३ र<br>परवानीपुर १–२ |
| | **जम्मा** | **३५८०.८३** | |

श्रोत : परियोजना कार्यालय रेकर्ड

### ३.१.३ मूर्तिया वन व्यवस्थान शाखा (सर्लाही र रौतहट) :

| क.स. | रेञ्ज यूनिट | क्षेत्रफल (हे.) | व्यवस्थापन ब्लक |
|---|---|---|---|
| (क) | घुरकौली | ७६९.०८ | १–११ |
| (ख)<br>(ग)<br>(घ) | बागमती<br>जुडीबेला (रौतहट)<br>दुधिअवा (रौतहट) | १६८९.९८<br>५२.००<br>१९८.११ | १–२६ |
| | **जम्मा** | **२७०९.१७** | |

श्रोत : परियोजना कार्यालय रेकर्ड

चित्र ३ : व्यवस्थापन शाखा अनुसार वनको क्षेत्रफल




## ३.२ व्यवस्थापन शाखा र रेञ्ज यूनिटको संगठन स्वरुप :




## ३.३ कर्मचारी दरबन्दी तथा पदपूर्ति अवस्था

परियोजनाको स्वीकृत वन व्यवस्थापन कार्ययोजना, वार्षिक कार्यक्रम कार्यान्वयन एवं दैनिक कार्यालय व्यवस्थापनको लागि प्राविधिक र प्रशासनिक र दैनिक ज्यालादारी जनशक्ति/कर्मचारी कार्यरत छन् स्थायी कर्मचारीको नामावली अनूसुची ९ दिएको छ। स्वीकृत कुल दरबन्दीमध्ये अधिकृत स्तर-९, सहायक-७०, श्रेणीविहीन-७१ जम्मा १५० छन् र यसका पदपूर्ति अवस्था तालिका ३ मा दिइएको छ।

**तालिका ३ : कर्मचारी दरबन्दी तथा पदपूर्ति अवस्था**

| क्र. सं. | पदको नाम | श्रेणी | दरबन्दी संख्या | पुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | परियोजना प्रमुख | रा.प.प्र.प्रा. | १ | १ | | काजमा कार्यरत |
| २ | उप-सचिव | रा.प.द्वि.प्र. | १ | १ | | |
| ३ | उप सचिव | रा.प.द्वि.प्रा. | १ | १ | | काजमा |
| ४ | स्टोर अधिकृत | रा.प.तृ.प्र | १ | १ | | |
| ५ | प्रोक्योरमेन्ट अधिकृत | रा.प.तृ.प्र | १ | | १ | |
| ६ | लेखा अधिकृत | रा.प.तृ.प्र | १ | १ | | म.ले.नि.का.वाट काजमा |
| ७ | सहायक वन अधिकृत | रा.प.तृ.प्रा. | ३ | २ | १ | |
| ८ | ना. सु. | रा.प.अं.प्र.प्र. | ३ | ३ | | करारसेवामा |
| ९ | लेखापाल | रा.प.अं.प्र.प्र. | २ | | २ | |
| १० | रेन्जर | रा.प.अं.प्र.प्रा. | ८ | ८ | | २ (स.व.अ.वि.) सो मध्ये १ काजमा ५ करारसेवा |
| ११ | मे.सु. | रा.प.अं.प्र.प्रा. | १ | | १ | |
| १२ | ओभर सियर | रा.प.अं.प्र.प्रा. | १ | | १ | |
| १३ | डोजर अपरेटर | रा.प.अं.प्र.प्रा. | ४ | ३ | १ | २ सि.डो.अ. पदको कार्यरत |
| १४ | ग्रेडर अपरेटर | रा.प.अं.प्र.प्रा. | १ | | १ | |
| १५ | लोडर अपरेटर | रा.प.अं.प्र.प्रा. | १ | १ | | १ सि. लो. अ. पदको कार्यरत |
| १६ | लेवर सुपरभाईजर | रा.प.अ.द्वि.प्रा. | ३८ | २९ | ९ | २२ सुपरभाइजर पदमा कार्यरत, २ करारमा मध्ये १ झापा काज |
| १७ | स. मेकानिक | रा.प.अ.द्वि. प्रा. | ३ | २ | १ | २ मेकानिक पदको कार्यरत |
| १८ | रिकर्डर | रा.प.अ.द्वि.प्र. | १ | १ | | १ ना.सु.पदको कार्यरत |
| १९ | टाईपिष्ट खरिदार | रा.प.अ.द्वि.प्र. | २ | २ | | |
| २० | पम्प अपरेटर | रा.प.अ.द्वि.प्रा. | ३ | २ | १ | |
| २१ | चेनसः मिस्त्री | रा.प.अ.द्वि.प्रा. | १ | १ | | |
| २२ | कारपेन्टर | रा.प.अ.द्वि.प्रा. | १ | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | सवारी चालक | श्रेणी विहिन | १५ | ११ | ४ | ७ हेभी र ४ लाइट कार्यरत |
| २४ | पियन | श्रेणी विहिन | १० | १० | | |
| २५ | चौकिदार | श्रेणी विहिन | २४ | २२ | २ | १ काजमा, २ करारसेवा |
| २६ | हेल्पर | श्रेणी विहिन | १८ | १४ | ४ | |
| २७ | माली | श्रेणी विहिन | १ | १ | | करारसेवामा |
| २८ | स्वीपर | श्रेणी विहिन | ३ | ३ | | |
| | जम्मा | | १५० | १२१ | २९ | |

# ४. भौतिक पूर्वाधार :

## ४.१ सवारी साधन :

परियोजना अर्धयान्त्रिक प्रविधिबाट वन व्यवस्थापनका पूर्वाधार निर्माण गरी वृक्षरोपण गरी वन विकासको शुरु गर्ने यो पहिलो परियोजना हो । प्राय सबै यान्त्रिक साधन जीर्ण प्राय छन । यी यान्त्रिक उपकरण तथा साधनहरुको मर्मत तथा संभार गर्न आफनै वर्कशप पनि संचालनमा छ तर यसका दक्ष जनशक्तिहरु अनिवार्य अवकाश लिए वा लिने अवधिका नजिकमा छन् । ठूला डोजर, लोडर, केही ट्रक र जीपहरु लिलाम प्रक्रियामा रहेका छन् । हाल परियोजनाको स्थापनाका शुरुका वर्षमा खरिद भएका र वन तथा भू-संरक्षण मन्त्रालयद्वारा समय समयमा हस्तान्तरण गरेका पुराना सवारी साधनहरुको प्रयोगले आफ्ना गतिविधिहरु संचालन गरिरहेको अवस्था छ। फलस्वरुप अधिकांश साधनहरु कमजोर र खर्चिला पनि छ । चालू अवस्थाका सवारी साधनको विवरण तालिका ४ मा दिइएको छ ।

**तालिका ४ : चालू अवस्थाका सवारी साधनको विवरण**

| सवारी साधन | गोटा | अवस्था | प्रयोग |
|---|---|---|---|
| जीप– बा.१झ. ४५९३ | १ | पुरानो | प्रमुख |
| पिकअप– स.१झ. ४७ | १ | ,, | मूर्तिया शाखा |
| पिकअप– ज.१झ. २४२, ज.१झ. ३८ | २ | ,, | हात्तीलेट शाखा |
| ट्रेक्टर– ज.१द. ५८, ८९ | २ | ,, | हात्तीलेट र सागरनाथ |
| ट्रक– ज.१ग. २४० | १ | ,, | ,, ,, |
| डि.सि.एम– बा.१ग. १३९३ | १ | ,, | सागरनाथ शाखा |
| रातो जीप– बा.१झ. ५३०३ | १ | ,, | ,, ,, |
| पानी टंकी– ज.१ग. २३८ | १ | ,, | वर्कसप |
| जीप– भे.१झ. ५५ | १ | ,, | कार्यालय |
| मोटर साइकल – ना.१८प. ६३९९, ३४५२, ३२५३, ना.२प. १७२०, ८६६९, १६९३, १६९४ | ५ | ३ नयां, ४ पुरानो | योजना, प्रशासन, लगयार्ड, भक्तिपुर, मूर्तिया |

## ४.२ भवनहरुको अवस्था :

परियोजनाको कार्यालय भवन, वर्कशप, व्यवस्थापन शाखाहरु, रेन्ज यूनिटहरु, गार्ड क्वाटर तथा आवासीय क्षेत्रहरुमा पक्की र काठको भवन गरी जम्मा १२७ वटा भवनहरु रहेका छन् । यसको विवरण अनुसूची १० मा दिइएको छ । जसमध्ये राम्रो अवस्थाको ५४ वटा र मर्मत गर्नुपर्ने खालका ७३ वटा रहेका छन् । हाथिलेट वन व्यवस्थापन शाखा अन्तर्गतका लक्ष्मिनिंया ताराचौरी, कुश्मारी १४ नं. गार्ड क्वाटर, मूर्तियाको राजघाट टेकानी गार्ड क्वाटर, सोल्टी गार्ड क्वाटर, र बागमती रेन्ज यूनिटको भवन माओवादी जनयुद्धको समयमा क्षतिग्रस्त भएका छन् । ती भवनहरु हालसम्म पुनःनिर्माण तथा मर्मत भएका छैन ।

## ४.३ डिष्टिलेशन प्लाण्ट तथा चिरान मिल

मसलाको पातको तेल उत्पादन गर्न परियोजनाको कार्यालय भवन नजिक एउटा डिष्टिलेशन प्लाण्ट र कटानबाट उत्पादन भएका गोलिया तथा बल्लाबल्ली काठ चिरान गरी प्रशोधन गर्न एउटा सः मिल स्थापना भएको थियो । यी दुबै उद्योग हाल भाडामा संचालित छन् ।

## ४.४ खानेपानी व्यवस्था :

परियोजना भित्रका विभिन्न ठाउंमा भूमिगत पानीको सतह धेरै तल भएकोले लामो समयदेखि खानेपानीको समस्या रहँदै आएको छ । परियोजनाका पूर्वी कमाण्डहरुः हाथिलेट, माईस्थान, कुश्मारी र लक्ष्मिनिंयाका साथै फुलजोर लगायत विभिन्न ठाउँहरुमा रहेका गार्डक्वाटरहरुमा ईनार वा चापाकलबाट पानी आउन नसक्ने हुँदा दैनिक सागरनाथदेखि ट्रकलाई पानी टैंकरमा उपयोग गराई खानेपानी आपूर्ति हुँदै आएको छ । यो अत्यधिक खर्चिलो पनि छ । फिल्डको लागि लुब्रीकेन्ट बाहेक सवारी साधनका लागि वार्षिक (आ.व. २०६९।०७० मा) करीब रु. ९ लाख रकम बराबरको डिजल ९,०७६ लिटर खर्च भएको छ। यसको समाधानको लागि उल्लेखित ठाउँहरुमा Deep Boaring हुन आवश्यक देखिन्छ ।

# भाग – २

## ५. मुख्य कृयाकलाप :

### ५.१ नर्सरी तथा विरुवा उत्पादन :

परियोजना स्थापना कालमा सागरनाथमा १८ हेक्टर क्षेत्रफलमा २० लाख र मुर्तियामा ५ हेक्टरमा ४ लाख उत्पादन क्षमता रहेको नर्सरी स्थापना भई विरुवा उत्पादन कार्य भएकोमा विगत केही वर्षदेखि सागरनाथमा मात्र वार्षिक १० लाख विरुवा उत्पादन हुँदै आएको छ । मूर्तिया कार्यालयको कृयाकलाप २०६६ देखि निष्कृय रहेकोमा २०६९ माघदेखि कार्यालय लगायत बन्द रहेको नर्सरीलाई मर्मत सम्भार गरी पुनः संचालनमा ल्याइएको छ। आ.व.०६९।०७० मा मूर्तियामा १,४६,००० गोटा तथा सागरनाथमा ११,६५,००० गोटा विरुवा उत्पादन गरिएको छ। यहां अधिकांश मात्रामा मसला र केही मात्रामा टिक, कदम, खयर उत्पादन गरिएको छ। उत्पादन गरिने मसलाको बीउ अष्ट्रेलियाबाट खरिद गरिएको थियो भने अरु प्रजातिको स्थानीय रुपमै संकलन गर्ने गरिन्छ । आ.व. ०६९।७० लगायत विगत ५ वटा आ.व.हरुमा मसला लगायत जम्मा ६१,०४,३५६ गोटा विरुवा उत्पादन भएको छ जसको विवरण तालिका नं. ५ मा दिइएको छ।

**मसला प्रजातिको बिरुवा उत्पादन विधि :**

- **माटो तयारी** : जँगलको माटो र बालुवालाई छुट्टाछुट्टै चालेर २ भाग माटो १ भाग बालुवा (२:१) को अनुपातमा मिसाई माटो र बालुवाको मिश्रणलाई ६०° तापक्रममा ३० मिनेटसम्म तताउने ।
- **बीउ उमार्नेः** जर्मिनेशन ट्रेमा 1st Layer मा gravel राखी त्यसमाथि तताएको माटो बालुवाको मिश्रण राखी ट्रे भिजाई मसलाको बीउलाई broad cost sowing गरी Green house मा राख्ने ।
- **बिरुवा सार्नेः** ३" X ७" को पोलिट्यूबमा मिश्रित माटो भर्ने, पानी ट्याङ्कमा डुबाई भिजाउने र ४ पातको बिरुवा तयार भएपछि Transplant गर्ने ।
- Transplant गरेको बिरुवा लाई ४ दिन सम्म छहारी प्रदान गरी विरुवामा sprayer (स्प्रे) द्वारा पानी पटाउने ।
- Transplant गरेको २० दिनपछि मरेका बिरुवा हटाउने र ठूलो सानो छुट्याई ग्रेडिङ्ग गर्ने ।

- ६० देखि ७५ दिन सम्म १०/ १२" सम्मको बिरुवा तयार हुन्छ त्यसपछि सो बिरुवा वृक्षरोपण गर्ने ।

**टिक प्रजातिको बीउ उपचार र विरुवा उत्पादन विधि :**

- टिकको बिउ संकलन गरेपछि घाममा सुकाई कुटेर त्यसको बाहिरको बोक्रा हटाइन्छ ।
- त्यसपछि चैत्रको दोश्रो हप्तामा त्यस बिउलाई पानीमा भिजाउनु पर्छ ।
- दुई दिन पानीमा भिजाएपछि सो बिउलाई १ दिन घाममा सुकाउने र अर्को दिन विउलाई थुपारेर छोपी राख्ने (गुम्साउने),
- त्यसपछि अर्को दिन पुनः पानीमा भिजाउने र एवं रितले सोही प्रकृया १ महिनासम्म गर्दा १ महिनापछि अर्थात बैशाखको दोश्रो हप्तापछि बिउ जर्मिनेशन हुन थाल्छ ।
- जर्मिनेशन हुन तयार बिउलाई पोलिब्यागमा Direct sowing अर्थात Seed bed मा Sowing गर्न सकिन्छ ।

**तालिका ५ : विरुवा उत्पादन विवरण**

| प्रजाती | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०६५।६६ | ०६६।६७ | ०६७।६८ | ०६८।६९ | ०६९।०७० |
| मसला | १५,३४,४४७ | ११,०८,००० | ८,७०,००० | ९,१०,२०० | १२,४५,६४० |
| टिक | ३,००० | १२,००० | ५,७०० | ६३,७०० | ५५,००० |
| सिसौ | – | – | ८६,००० | ४२,८०० | – |
| कदम | २०० | – | १४,२०० | १५,००० | ४,००० |
| खयर | | | ६५,१०० | १५,५०० | ५,००० |
| सिरिस | | | ५,००० | – | – |
| गम्हारी | | | १,००० | ३३,००० | – |
| अशोक | | | – | ४,००० | – |
| अन्य | | | ४,००९ | ५०० | १,३६० |
| **जम्मा** | १५,३७,६४७ | ११,२०,००० | १०,५१,००९ | १०,८४,७०० | १३,११,००० |

**चित्र ४ : विरुवा उत्पादन ०६९/०७०**




## ५.२ विरुवा विक्री वितरण :

परियोजनाले कुल उत्पादन हुने बिरुवा संख्याको १५-३० प्रतिशत स्थानीय र छिमेकी जिल्लाहरुका निजी तथा संघ संस्थाहरुलाई गुणस्तरीय विरुवा न्यूनतम उत्पादन लागत मूल्यमा प्रति विरुवा रु ५ का दरले विक्री वितरण गर्दै आएको छ। यो मूल्य कुल प्रति एकाई लागत खर्च भन्दा ३०-४० प्रतिशत अनुदान सन्तुलित वातावरण कायम राख्न र वन पैदावार आपुर्तिको वैकल्पिक स्रोत विकासमा सहयोग प्रदान गरेको छ। यो कार्यक्रमले निजी वनको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ। विरुवाको गुणस्तर र तुल्नात्मक रुपमा कम मूल्य भएकोले स्थानिय स्तरमा खास गरेर सर्लाही, महोत्तरी र धनुषाबाट मसला विरुवाको माग वर्षेनी बढेको पाइएको छ। विगत ५ वटा आ.व.हरुमा मसला लगायतका जम्मा २३,७९,३५९ गोटा विरुवा बिक्री वितरण भएको छ जसको विवरण तालिका नं.६ मा दिइएको छ।

**तालिका ६ : विरुवा बिक्री वितरण विवरण**

| जात | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०६५।६६ | ०६६।६७ | ०६७।६८ | ०६८।६९ | ०६९।०७० |
| मसला | ३,६३,३५७ | ४,०३,०३३ | ६,३५,४२७ | ४,२७,९३५ | ४,४१,३४२ |
| टिक | ४४७ | ७,६६२ | ८,८१७ | ६,८८५ | १४,५९८ |
| सिसौ | - | - | १५६ | ३५,५१५ | ४,२०० |
| कदम | - | - | - | ५,९६२ | ८,६३० |
| खयर | - | - | - | ४,४९० | १,७८२ |
| अशोक | - | - | - | - | २,९१४ |
| गम्हारी | - | - | - | - | ४,१३० |
| अन्य | - | - | - | १,७८७ | २९० |
| **जम्मा** | ३,६३,८०४ | ४,१०,६९५ | ६,४४,४०० | ४,८२,५७४ | ४,७७,८८६ |

## ५.३ वृक्षरोपण र वृक्षरोपण व्यवस्थापन :

परियोजनाको स्थापना कालदेखि १५ वर्षसम्म प्रतिवर्ष कम हैसियत भएको करिब ५००–१,००० हेक्टर प्राकृतिक वनक्षेत्रको सरपट कटान गर्दै अर्धयान्त्रिक प्रविधि अपनाई चाँडो हुर्कने प्रजातिको बृक्षरोपण गरेको थियो । वृक्षरोपण क्षेत्रहरुलाई वैज्ञानिक वन व्यवस्थापनको उदेश्यले १ कि.मी. x १ कि.मी. (१००हे.) को ब्लकमा छुट्याई प्रत्येक ब्लकलाई फायरलाईनले छुटिने गरी २५/२५ हेक्टरको ४ वटा प्लटहरुमा विभाजन गरिएको छ, जसलाई नक्शामा ABCD ले नामाकंन गरिएको छ । परियोजनाको जम्मा क्षेत्रफलमध्ये १०,३३९.१३ हेक्टरमा विभिन्न प्रजातिको वृक्षरोपण गरिएको छ । प्रजाति अनुसारका वृक्षरोपण क्षेत्रफलको विवरण तालिका नं. ७ मा दिइएको छ । शुरुका दिनमा ब्लकहरुमा मसला, टिक, खयर आदिको वृक्षरोपण २.५ मी. x २.५ मी.को स्पेसिङ्गमा रोपिएको छ भने हालका वर्षहरुमा कृषिवन प्रणालीको लागि २ मी. x ४ मी.को स्पेसिङ्गमा रोप्ने कार्य भैरहेको छ ।

प्रजाति अनुसार वृक्षरोपण क्षेत्रको वर्गीकरण गर्दा मसला ५४ प्रतिशत, सिसौ २८ प्रतिशत र अरु प्रजातिका टिक, खयर र सालको पुनरुत्पादन समेतले १७ प्रतिशत क्षेत्र ओगेको देखिन्छ । परियोजनाको वन व्यवस्थापन कार्य योजना हेर्दा मसलालाई १०–११ वर्षमा सरपट कटान गरी दोस्रो चक्र ७–८ वर्ष र तेस्रो चक्र ३–४ वर्षमा कटान गर्न प्रस्ताव गरिएको छ । यसरी प्रस्ताव गरिए पनि उद्देश्य अनुरुप विगतका वर्षहरुमा बजार र कार्य दक्षता अभावका कारण प्रस्ताव अनुसार कटान हुन नसक्दा हाल कुनै प्लटका स्ट्याण्ड २५/३० वर्षको भएपनि कटान (Harvest) हुन सकेको छैन । मसलाको कटान प्लटहरु कपीस प्रणालीले पुनः वन कायम गरिएको छ । केही प्लटको तेस्रो चक्रमा कटान भएपनि वजेट अभावले गर्दा जरा उखेलेर वृक्षरोपण गर्न सकेको अवस्था छैन ।

सिसौको हकमा २५ वर्षको कटान चक्र (Rotation) प्रस्ताव गरिएपनि प्रायः स्ट्याण्डहरु रोगका कारणले मरेको हुँदा कटान चक्र अनुसार प्लट कटान गर्न सकिएको छैन । त्यस्तै टिकको हकमा ४० वर्षको कटान चक्र राखेपनि बजारको आवश्यकता र परियोजनाको श्रोत जुटाउन कटान चक्र अवधि नपुग्दै कटान भइरहेको अवस्था छ ।

**तालिका ७ : प्रमुख प्रजाति अनुसारको वृक्षरोपण क्षेत्रफल :**

| क्र.स. | प्रजाति | क्षेत्रफल हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १ | मसला | ५६१३.९ | ५४.६ |
| २ | सिसौ | २९३१.२ | २८.५ |
| ३ | टिक | ४३३.३ | ४.२ |
| ४ | खयर | २६८.६ | २.६ |
| ५ | साल पुनरुत्पादन | ८३६.२ | ८.१ |
| ६ | मिश्रित प्रजाति | २०६.४ | २.० |

**श्रोत : SFM paln for SFDP,2005**

चित्र ५ : प्रमुख प्रजाति वृक्षरोपण क्षेत्र प्रतिशत




**५.३.१ वन सम्बर्द्धन कार्यहरु :**

विगतका वृक्षरोपणमा प्रजाति अनुसार मसला (५४%), सिसौ (२८%), टिक (४%), खयर (२.६%), अन्य जात (२%) र ट्रायल प्लट (०.५%) र साल पुनरोत्थान (९%) रहेको तथ्यांकबाट देखिन्छ । यसको व्यवस्थापनको लागि विभिन्न किसिमका वन सम्बर्द्धन कार्यहरु संचालन गरिन्छ । वन सम्वर्द्धन अन्तर्गत विरुवाको गोडमेल, डब्लिङ्ग, सिङ्गलिङ्ग तथा छटनी (thinning) जस्ता कृयाकलापहरु संचालन भइरहेको छ । यसका अतिरिक्त वन संरक्षणतर्फ मुख्य वन डढेलो नियन्त्रण तथा रोकथामका लागि अग्नीरेखा मर्मत सम्भार तथा जोखिम न्यूनीकरणका उपाय कार्यान्वयन गरिन्छ। उल्लेखित कार्यहरु प्रत्येक वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्ने गरिन्छ । आ.व.०६९।०७०मा तलको तालिका ८ मा उल्लेख भए अनसारका ९७८ हे. क्षेत्रफलमा वन सम्बर्द्धन कृयाकलापहरु संचालन भएका थिए ।

**तालिका ८ : वन सम्बर्द्धन कृयाकलापहरु (०६९।०७०)**

| क्र.स. | वन सम्बर्द्धन कृयाकलाप | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| १ | झाडी सफाई तथा गोडमेल | ४०९.८९ |
| २ | मुन्ना व्यवस्थापन | १५६.३८ |
| ३ | थिनिङ | ३०.४६ |
| ४ | सरपट कटान | २५०.२७ |
| ५ | बृक्षरोपण | १३१.० |
| | **जम्मा** | ९७८.० |

चित्र ६ : वन सम्वर्द्धन कृयाकलाप (०६९/०७०)




तालिका ९ : आ.व. ०६९।७० मा गोडमेल भएका प्लटहरु

| रेञ्ज यूनिट | प्लट नं. | क्षेत्रफल (हे.) |
|---|---|---|
| हात्थिलेट | ११ सी | १९.३० |
| | ७ सी | २१.७२ |
| | ७ डी | १.८५ |
| भक्तिपुर | ५ ए | ५.५० |
| | ५ वी | ४.०७ |
| | ५ सी | १७.४४ |
| | ८ डी१ | १७.२५ |
| | १२ सी | २४.३० |
| | १ ए | १.०२ |
| | १ वी | ९.०० |
| | १६ सी | ५.०० |
| | १७ डी | १९.०२ |
| कुश्मारी | १ वी | १४.४३ |
| जम्मा : | | १५९.९० |

**तालिका १०: आ.व. ०६९।७० मा वृक्षरोपण भित्र घाँस/झाडी काटी सरसफाई गरेका प्लटहरु**

| रेञ्ज यूनिट | प्लट नं. | क्षेत्रफल (हे.) |
|---|---|---|
| भक्तिपुर | ११ ए | ९.२४ |
| | १२ सी | १८.२२ |
| | ३ ए२ | ७.८९ |
| | १५ सी | १७.३० |
| | ११ डी | १३.१९ |
| | ११ वी | १.५० |
| | ६ डी | १७.४० |
| | १४ वी | १३.८१ |
| | १० ए१ | ९.२२ |
| | ३ वी१ | १३.१७ |
| | ३ वी२ | १.५० |
| | ५ वी | ३.०५ |
| | ५ सी | १३.०८ |
| | ८ डी१ | १२.९४ |
| | ५ ए | ०.७५ |
| हाथिलेट | १२ ए | १६.२५ |
| | ७ ए | ४.५० |
| | ७ डी | २३.०० |
| | ७ सी | ६.०० |
| | ७ डी | ०.९८ |
| | ११ सी | १३.०० |
| कुश्मारी | १२ ए | ६.०० |
| | १२ वी | ९.०० |
| | १३ ए | ८.०० |
| | ८ ए | ४.०० |
| | ८ डी | ७.०० |
| **जम्मा :** | | २४९.९९ |

(ख) **मुन्ना व्यवस्थापन (कपिस डब्लिङ तथा सिङगलिङ) कार्य :**

मुन्ना व्यवस्थापन अन्तर्गत आ.व. ०६९।७० मा जम्मा १०१.९२ हे. क्षे.फ.मा मा कपिस डब्लिङ्ग तथा ५५.४६ हे.मा कपिस सिङ्गलिङ्ग कार्य सम्पन्न भएको थियो जसको विस्तृत विवरण तलको तालिकाहरुमा दिइएको छ ।

**तालिका ११: आ.व. ०६९।७० मा कपिस डब्लिङ्ग**

| **रेञ्ज यूनिट** | **प्लट नं.** | **क्षेत्रफल (हे.)** |
|---|---|---|
| भक्तिपुर | ९सी | १६.१० |
| | ९ डी | २२.३० |
| हाथिलेट | ५ ए | २३.०० |
| | ५ डी | ११.५० |
| | ५ डीर | ८.६२ |
| कुश्मारी | ४ डी | २०.४० |
| | **जम्मा :** | १०१.९२ |

**तालिका १२ : आ.व. ०६९।७० मा कपिस सिङ्गलिङ्ग**

| **रेञ्ज यूनिट** | **प्लट नं.** | **क्षेत्रफल (हे.)** |
|---|---|---|
| भक्तिपुर | ८ वी | ७.०० |
| | १८ डी | ७.५० |
| | १० वी | २३.७५ |
| | २ डीर | ९.०० |
| फुलजोर | १ सी१ | ४.७७ |
| कुश्मारी | २० सी | ३.४४ |
| | **जम्मा :** | ५५.४६ |

(ग) **थिनिङ कार्य :**

सिसौ र टिकको वृक्षरोपण क्षेत्रमा उच्चतम बृद्धिदर हासिल गरी मसला बाहेक अन्तिम कटान (Final felling) भन्दा पहिले अनुसूची ५ मा उल्लेख भए अनुसारको Thinning Schedule बमोजिम विभिन्न ग्रेडको छटनी गर्ने गरिन्छ। आ.व. ०६९।७० मा सागरनाथको ब्लक १५ बी र सी मा साल १८ हे. र भक्तिपुरको ब्लक १८ डी मा टिक १२.४६हे. मा थिनिङ्ग कार्य भएको छ ।

**(घ) सरपट कटान :**

सरपट कटान तथा वृक्षरोपण का सम्वर्द्धन प्रणाली सागरनाथ वन विकास परियोजनाको पहिचान बनेको छ। उमेर पुगेका वृक्षरोपण क्षेत्रमा सरपट कटान तथा वृक्षरोपण वा मुन्ना व्यवस्थापन पद्धतिबाट वृक्षरोपण व्यवस्थापन गरिएको छ । सिसौका रुखहरु २५ वर्षमा, टिकका रुखहरु ४० वर्षमा तथा मसलाका रुखहरु १०–११ वर्षका अवधिमा पहिलो उत्पादन लिन सक्ने गरी कटान चक्र (Rotation cycle) तोकिएको छ। मसलाको कपिसबाट हुर्केका बिरुवाहरु ७–८ वर्षमा दोश्रो कटान तथा ५ वर्षमा तेश्रो कटान गर्ने व्यवस्था सिफारिस गरिएको छ । मसलाको तेश्रो चक्रपछि वृक्षरोपण गर्ने गरिन्छ । यसरी कटान चक्रको व्यवस्था भएपनि व्यवस्थापनले बजारको माग अनुसार आवश्यकता बमोजिम कटान चक्रमा फेरबदल गरी कटान गर्न सकिने प्रावधानहरु राखिएका छन् । आ.व. ०६९।०७० मा सरपट कटान भएका ब्लकहरुको विवरण तल तालिका १३ मा उल्लेख गरिएको छ ।

**तालिका १३: आ.व.०६९।०७० मा सरपट कटान मुछ्यान भएका ब्लकहरुको विवरण**

| क.स. | रेञ्ज यूनिट | ब्लक न. | जत | क्षेत्रफल हे. |
|---|---|---|---|---|
| १ | फुल्जोर(सागरनाथ) | २बी१ | सिसौ | १७.३ |
| २ | | १सी१ | मसला | १५.१६ |
| ३ | | २ए१ | सिसौ | २०.९१ |
| ४ | सागरनाथ | ७बी | टिक | १६.० |
| ५ | भक्तिपुर | ९सी | मसला | ४.० |
| ६ | | ९डी | ,, | ११.० |
| ७ | लक्ष्मिनिया | ६सी | सिसौ | ८.० |
| ८ | | १०बी | मसला | २.८ |
| ९ | कुश्मारी | ४ए | ,, | २१.७ |
| १० | | १३सी | ,, | २४.३ |
| ११ | | १६ए | टिक, मसला | १०.० |
| १२ | | १३बी | मसला | २३.५ |
| १३ | | १७डी | ,, | १२.५ |
| १४ | | ४सी | ,, | २१.५ |
| १५ | | १५बी | ,, | २२.६ |
| १६ | | १५ए | ,, | १९.० |
| | | **जम्मा** | | **२५०.२७** |

## ५.४ वन पैदावारको उत्पादन :

परियोजनाबाट उत्पादन तथा बिक्री हुने वन पैदावारको वार्षिक कार्यक्रम तयार गरी व.पै.वि.स.केन्द्रीय कार्यालय काठमाडौबाट स्वीकृत भएबमोजिम प्रत्येक वर्ष सरपट कटान हुने वृक्षारोपन प्लटको वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ ले व्यवस्था गरे बमोजिमका प्रकृया अवलम्बन गराई प्लट सरपट कटान र थिनिङ्गबाट काठ, विद्युत पोल, बल्लावल्ली आदि उत्पादन तथा संकलन गरिन्छ । आ.व. ०६९।०७० मा विभिन्न प्लटहरुबाट कटान मुछान भई निम्न तालिका नं. १४ मा उल्लेख भएका परिमाणमा वन पैदावारको उत्पादन भएको छ । त्यस्तै परियोजनामा विगत ५ वर्षमा उत्पादन भएका वन पैदावारको विवरण तालिका नं. १५ मा दिइएको छ ।

**तालिका १४: आ.व.०६९।०७० मा उत्पादित वन पैदावारको विवरण**

| क्र. स. | जात | गोलिया क्यू.फि. | बल्लाबल्ली क्यू.फि. | पोल क्यू.फि | कोरो थान | पात कि.ग्रा. | दाउरा चट्टा |
|---|---|---|---|---|---|---|---|
| १ | मसला | ४६४७३.४० | ९८८४५.४० | ९९७३.१० | ३६४ | ७०१५ | २५.२५ |
| २ | सिसौ | १०७९१.८० | २३४३८.६० | – | – | – | ७.२५ |
| ३ | टिक | २४८६९.०० | ४५५६४.३ | – | – | – | ३७.७५ |
| ४ | साल | १४४३.६० | ४३९८.०० | १७.३० | – | – | ७.२५ |
| ५ | खयर | – | – | – | – | – | – |
| ६ | अन्य | ४३१६.४० | ५३३८.९० | – | – | – | २३.०० |
| | **जम्मा** | ८७८९४.६० | १७३५८५.२० | ९९९०.४० | ३६४ | ७०१५ | १००.५० |

**चित्र ७ : मुख्य वन पैदावार उत्पादन ०६९/०७०**






**तालिका १५: विगत ५ वर्षमा वन पैदावार उत्पादन विवरण**

| आ.ब. | पोल क्यु.फिट | बल्ली क्यु.फिट | गोलिया क्यु.फिट | दाउरा चट्टा |
|---|---|---|---|---|
| २०६५।६६ | ४४,४९७।७ | १४९।४ | १,८०,९५८।७९ | २,०५९।२५ |
| २०६६।६७ | २९,९७०।१ | ५,७२५।० | २,७२,९२४।७५ | २,०२९।० |
| २०६७।६८ | १६,७९३।९ | १२,०१२।५ | २,६६,८१२।९४ | ९०१।५ |
| २०६८।६९ | १५,७३०।५ | १,९३,२६१।८ | १,४६,४६६।१ | १४९।५ |
| २०६९।७० | ९,९९०।४ | १,७३,५८५।२ | ८७,८९४।६ | १००।५ |

## ५.५ वन पैदावारको बिक्री वितरण :

परियोजना बाट उत्पादन हुने वन पैदावारको बिक्री सम्बन्धी **वन पैदावारको मूल्य निर्धारण तथा बिक्री नियमावली** २०६० मा व्यवस्था भए बमोजिमको प्रकृया अनुसार बढीमा २५ प्रतिशत उत्पादन, वन पैदावार विकास समितिको संचालक समितिले निर्धारण गरेको न्यूनतम मूल्यको आधारमा स्थानीय जिल्ला र छिमेकी जिल्ला समेतमा निर्धारित परिमाण र प्रक्रियाले र बाँकी परिमाण खुल्ला प्रतिस्पर्धाको मूल्यमा विक्री वितरण गरिन्छ । समितिमा वन तथा भू-संरक्षण मंत्रालयबाट तोकिएका समितिका अध्यक्ष बाहेक अर्थ मंत्रालयका अधिकृत प्रतिनिधि तथा वन विभागका अधिकृत प्रतिनिधि रहने व्यवस्था रहेको छ । वन पैदावारको बिक्री सम्बन्धी प्रकृया

निम्न अनुसार हुने र बिकी भएका वन पैदावारको छोडपूर्जी परियोजनाले दिने व्यवस्था नियम २४ ले गरेको छ ।

- **सोझै बिकी** : यस अन्तर्गत स्थानिय जनतालाई घरकाजको लागि मसला, सिसौ र टीक गरी ७५ क्यू.फि. सम्म काठ र एक चौथाई चट्टा मसला दाउरा, संघ संस्था/स्कूललाई ५०० क्यू.फि. सम्म, जरा ठुठा, जडीबुटी, नर्सरीको विरुवा, मसलाको पात आदिको बिकी पर्दछ ।

- **सिलबन्दी दरभाउपत्रबाट बिक्री** : एक पटकमा देहायको परिमाणसम्मको वन पैदावार सिलबन्दी दरभाउ-पत्रबाट बिक्री गर्न सकिने नियम ८ मा व्यवस्था छ ।

| | | |
|---|---|---|
| (क) काठ चिरान | ५०० | क्यू.फिट |
| (ख) काठ गोलीया | १००० | क्यू.फिट |
| (ग) बल्लाबल्ली/पोल | १००० | क्यू.फिट |
| (घ) खयरको जरा ठुट्टा | १०० | थान |
| (ङ) दाउरा | ३० | चट्टा |

- **बोलपत्रबाट बिक्री** : माथि उल्लेखित गरिएबाहेकको किसिम र परिमाणका वन पैदावार बिक्री गर्दा निम्न प्रक्रियाबाट बोलपत्र आव्हान गरी विक्रि व्यवस्थापन गरिन्छ ।

  - प्रस्ताव आव्हानबाट बिक्री : वन व्यवस्थापन कार्ययोजनाले तोकिएको प्लटहरुको सरपट कटान तथा थिनिङ्ग कार्य गर्नुपूर्व उत्पादन हुने अनुमानित वन पैदावार परिमाणको प्रतिस्पर्धाबाट बिक्रीको लागि प्रस्ताव आव्हान गरी बिक्री गर्ने व्यवस्था छ ।

  - लिलाम बढाबढ : प्रस्तावित.दररेटमा बिक्री हुन नसकेका वा प्रस्तावका सूचनामा नपरेका र पुरानो स्टक मौज्दात भएमाा लट कायम गरी समितिले निर्धारण गरेको दररेटलाई न्यूनतम मूल्य मानी **वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका २०६०** बमोजिम लिलाम गरी बिक्री गरिन्छ ।

- **वार्ताबाट बिक्री** : देहायको अवस्थामा व्यवस्थापनले समितिको पूर्व सहमतीमा वार्ताबाट पनि वन पैदावार बिक्री गर्न सकिने छ :

  (क) प्रचलित नेपाल कानून बमोजिम स्थापना भएका वन पैदावर सम्बन्धी स्वदेशी उद्योगहरुलाई बन पैदावार उपलब्ध गराउँदा ।

(ख) बिदेशी उद्योगहरुलाई समितिसँग भएको वन पैदावार खरिद गर्न प्रस्ताव पेश गरेमा ।

आ.व. ०६९।०७० मा तालिका १४ मा दिइएको विभिन्न प्लटका सरपट एवं थिनिङ्ग कार्यबाट उत्पादन र विगत आर्थिक वर्षहरुमा बाँकि विक्री मौज्दात समेतको कुल विक्री वितरण परिमाणको अवस्था तालिका १६ प्रस्तुत गरिएको छ । तसर्थ चित्र ९ मा उत्पादनभन्दा बिक्री परिमाण बढी देखिएको छ ।

**तालिका १६: आ.व.०६९।०७०मा बिक्री भएको वन पैदावारको विवरण**

| क्र. स. | जात | गोलिया क्यू.फि. | बल्लाबल्ली क्यू.फि. | पोल क्यू.फि./थान | कोरो थान | पात कि.ग्रा. | दाउरा चट्टा |
|---|---|---|---|---|---|---|---|
| १ | मसला | ६८१३७.१० | ११३८२१.५० | १०२७१.८ | ३६४ | ७०१५ | ४५.०० |
| २ | सिसौ | २५३२२.०० | ४०५५५.४० | – | – | – | २.५० |
| ३ | टिक | २२९५३.१० | ३९६७५.२० | – | – | – | १०.७५ |
| ४ | साल | १४१५.३० | ४७९२.०० | – | – | – | ६.५० |
| ५ | खयर | – | – | – | – | – | – |
| ६ | अन्य | १४२१७.०० | ५४३८.६० | – | – | – | ३७.०० |
| | **जम्मा** | **१३२०४४.५०** | **२०४२८२.७०** | **१०२७१.८** | **३६४** | **७०१५** | **१०१.७५** |



**तालिका १७ : विगत ५ वर्षमा वन पैदावार बिक्री विवरण**

| आ.ब. | पोल क्यु.फिट | बल्ली क्यु.फिट | गोलिया क्यु.फिट | दाउरा चट्टा |
|---|---|---|---|---|
| २०६५।६६ | ४५,२३८।१ | ८९.६ | १,८४,४०७।७३ | २,१३०।० |
| २०६६।६७ | २९,९४७।९ | ५,८६७।८ | १,१७,२४३।४९ | २,११२।७५ |
| २०६७।६८ | १२,४५६।४ | ६,७६१।६ | २,८९,७३४।०७ | ८५३।० |
| २०६८।६९ | १९,५३३।६ | १,३०,३७३।० | २,२२,४४१।३४ | १८५।२५ |
| २०६९।७० | १०,२७१।८ | २,०४,२८२.७० | १,३२,०४४.५० | १०१.७५ |

**५.५.१ स्थानिय आपूर्ति :**

परियोजनाले समेटेका जिल्लाहरु रौतहट, सर्लाही, महोतरी तथा धनुषाका स्थानिय बासिन्दालाई घर निर्माण, मर्मत, तथा फर्निचर बनाउनका लागि मसला, टीक र सिसौ क्रमशः ७५ र ३० क्यू.फिटसम्म काठ र विभिन्न घरायसी प्रयोजनका लागि एक चौथाई चट्टा दाउरा समेत समितिले निर्धारण गरेको दररेटमा उपलब्ध गराउने व्यवस्था छ । यसका अतिरिक्त संघ संस्था, स्कूलका लागि बढीमा ५०० क्यू. फिटसम्म काठ र दाउरा उपलब्धता हेरी उपलब्ध गराइन्छ । यसरी घरकाजमा काठ/दाउरा लिन निवेदकको निवेदनका साथमा नागरिकता, गा.वि.स.को सिफारिस, घर निर्माण तथा मर्मत गर्ने जग्गाको जग्गाधनी पुर्जा र तिरो तिरेको रसीदको प्रतिलिपि वा गाउँबस्तीको जग्गा भए गा.वि.स. सिफारिसमा चौहद्धी खुलेको तथा नियमित भएको उल्लेख हुनुपर्ने हुन्छ । संघ संस्थाको हकमा सम्बन्धित निकायको सिफारिस सहित माँग हुने परिमाणको लगत अनुमान संलग्न हुनु पर्दछ । आ.व. ०६९।०७० मा तालिका नं. १८ मा उल्लेखित विवरण अनुसार जम्मा ११३९ घरधुरीलाई ५११७०.० क्यू.फि. काठ तथा १६४ घ.धु.लाई ५५.० चट्टा दाउरा उपलब्ध गराइएको थियो र विभिन्न संघ संस्था/स्कूललाई फर्निचर निमार्ण कार्यका लागि २६७३२.० क्यू.फि.काठ र धार्मिक सांस्कृतिक पर्व तथा यज्ञका लागि २ ९.० चट्टा दाउरा र जिल्ला वन पैदावार आपूर्ति समिति सर्लाहीको सिफारिसमा मलंगवा, कौडेना, गडहिया गरी ३ वटा दाउरा बिक्री डिपोलाई ७.७५ चट्टा दाउरा उपलब्ध गराई स्थानिय आपूर्तिमा टेवा पुऱ्याइएको थियो ।

## तालिका १८: स्थानिय आपूर्तिका लागि घरकाजमा काठ/दाउरा बिक्री

| जात | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| मसला | गोलिया | क्यू.फिट | ३२६२.५ | |
| सिसौ | ,, | ,, | ४९१९.७ | |
| टिक | ,, | ,, | ४६८९.१ | |
| साल | ,, | ,, | १२९६.७ | |
| अन्य | ,, | ,, | १३१९.० | |
| मसला | बल्ली | ,, | २८५३३.३ | |
| सिसौ | ,, | ,, | ३७७८.१ | |
| टिक | ,, | ,, | १९१३.३ | |
| साल | ,, | ,, | ८०१.० | |
| अन्य | ,, | ,, | ४८८.६ | |
| मसला | पोल | ,, | १६८.७ | |
| | | **जम्मा** | ५११७०.० | |
| मसला | दाउरा | चट्टा | २९.०० | |
| सिसौ | ,, | ,, | ०.०० | |
| टिक | ,, | ,, | ०.७५ | |
| साल | ,, | ,, | ५.७५ | |
| अन्य | ,, | ,, | १९.५० | |
| | | **जम्मा** | ५५.०० | |
| | | **मठ मन्दिर/यज्ञादी /डिपो/संघ संस्था** | | |
| मसला | गोलिया | क्यू.फिट | १४७.९ | |
| सिसौ | ,, | ,, | ४२०५.८ | |
| टिक | ,, | ,, | १११०.९ | |
| साल | ,, | ,, | १४.१ | |
| मसला | बल्ली | ,, | ९२९४.९ | |
| सिसौ | ,, | ,, | ६७०७.६ | |
| टिक | ,, | ,, | ५२२९.२ | |
| साल | ,, | ,, | २१.३ | |
| | | **जम्मा** | २६७३१.७ | |
| मसला | दाउरा | चट्टा | १२.७५ | |
| साल | ,, | ,, | ०.७५ | |
| अन्य | ,, | ,, | १६.०० | |
| | | **जम्मा** | २९.५ | |

## ६. वन संरक्षण र यसका चुनौती :

परियोजनाको सम्पूर्ण वृक्षरोपण क्षेत्रफल कार्यक्षेत्र अनुसार ३ वटा वन व्यवस्थापन शाखा क्रमशः सागरनाथ, हाथिलेट र मूर्तिया र ७ वटा रेन्ज यूनिट  सागरनाथ, भक्तिपुर, हाथिलेट, कुश्मारी, लक्ष्मिनिंया, घुर्कौली र बागमती मार्फत संरक्षण, व्यवस्थापन र सदुपयोगका कार्यहरु संचालन गरिन्छ। प्रत्येक शाखामा गस्ती टोली र रेञ्ज यूनिटको विभिन्न प्लटको रेखदेख गर्न ज्यालादारी चौकीदारहरु परिचालन गराई संरक्षण कार्य संचालनमा गरिन्छ। हाल यस कार्यमा १६४ जना ज्यालादारी चौकिदारहरु कार्यरत रहेका छन्।

### ६.१ वन अतिक्रमण :

सागरनाथ वन विकास परियोजना अन्तर्गत मूर्तियाको लगभग ९५ प्रतिशत क्षेत्र विकराल अतिक्रमणको समस्यामा परेको छ। यसै गरी सागरनाथ र हात्तीलेट वन व्यवस्थापन शाखा अन्तर्गत भक्तिपुर, कुश्मारी, लक्ष्मिनिया तथा हात्तीलेट क्षेत्रमा समेत गाउँसित जोडिएको प्लटहरुमा अतिक्रमण भएका छन्। हालसम्मको रेकर्ड हेर्दा परियोजनाको कूल वृक्षरोपण क्षेत्रको २६.८३ प्रतिशत क्षेत्रफल अतिक्रमणको चपेटामा परेको छ।

२०५० सालमा वागमती नदीको बाढीमा अत्यधिक प्रभावित रहेको तथा बाढीबाट प्रभावित जनतालाई जिल्लास्तरको निर्णयबाट सो क्षेत्रमा बसोबास गराइएका कारण अतिक्रमणको शुरुआत भएको देखिन्छ। मूर्तिया क्षेत्रमा २०४३ सालमा वृक्षारोपण कार्यक्रम शुरु गर्दा वृक्षारोपण सँगसँगै भूमिहिन तथा विपन्नवर्गको जिविकोपार्जनमा सघाउ पुऱ्याउने उद्देश्यले निश्चित अवधिका लागि कृषि वनबाली वा टाँगिया खेती गर्न स्थानीय जनतालाई प्लट उपलब्ध गराएको थियो। निश्चित अवधिको लागि स्थानीय जनतालाई उपलब्ध गराइएको क्षेत्रमा विगतमा देशको असहज परिस्थितिको फाइदा उठाई तोकिएको अवधिपछि पनि राजनितिक पृष्ठपोषणमा खेती कार्यले निरन्तरता पाउनुको साथै थप क्षेत्र अतिक्रमणको गति पनि असामान्य रुपले वृद्धि हुंदै गएको र काठ चोरी तस्करीको कार्यले पनि तिव्रता पाउँदै आएको देखिन्छ। परियोजनाको सम्पूर्ण क्षेत्रको हिसाब गर्दा करीब एक तिहाई वृक्षरोपण क्षेत्र अतिक्रमणको चपेटामा परेको देखिन्छ। यी अतिक्रमणबाट परियोजनालाई ठूलो आम्दानी स्रोतमा कमी आएको छ। जसको दीर्घकालिन असर परेको छ। अतिक्रमणको हालको अवस्था कार्यक्षेत्र अनुसार तालिका नं १९ मा उल्लेख गरिएको छ।

### तालिका १९ : परियोजनाको क्षेत्रमा भएको अतिक्रमण अवस्था

| क्र. स. | रेञ्ज यूनिटको नाम | वृक्षरोपण क्षेत्रफल हे. | अतिक्रमण क्षेत्रफल हे. | अतिक्रमण प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| (क) | हात्तिलेट युनिट (महोत्तरी) | १४९५.४६ | १७.३० | १.१५ | |
| (ख) | कुश्मारी युनिट (महोत्तरी) | १४२३.१३ | १०४.३ | ७.३२ | |
| (ग) | लक्ष्मीनियां युनिट (महोत्तरी) | १५३२.१० | १९८.६७ | १२.९६ | |
| (घ) | भक्तिपुर युनिट (सर्लाही) | १५४४.१९ | १२.४५ | ०.८० | |
| (ङ) | सागरनाथ,परवानीपुर युनिट (सर्लाही) | २०३६.६४ | - | - | |
| (च) | घुरकौली युनिट (सर्लाही) | ७६९.०८ | ७४२.३१ | ९६.५१ | ९बी र ६सी बाहेक |
| (छ) | बागमती टेकानी (सर्लाही) | १६८९.९८ | १५९८.९८ | ९४.६१ | |
| (ज) | जुडीबेला, दुधिअवा (रौतहट) | २५०.११ | २०८.० | ८३.१६ | दुधियावा पुरै अतिक्रमण |
| | **जम्मा** | **१०७४०.६९** | **२८८२.०१** | **२६.८३** | |

श्रोत : परियोजना कार्यालय रेकर्ड

**(क) मूर्तिया वन व्यवस्थापन शाखा :**

मूर्तियाको नेट क्षेत्रफल २७०९.१७ हेक्टरमध्ये करिब २५५६.२९ हेक्टर क्षेत्रफलमा केही वृक्षारोपण र फाटफुट रुखहरु रहेतापनि प्राय सबै क्षेत्रमा खेती र करीव १,००० वटा घरटहरा, पक्की मन्दिर, गुम्बा, स्कुल र धर्मशाला भौतिक संरचना निर्माण भएका छन । घुरकौली र बागमती रेन्ज यूनिटका प्रायः सम्पूर्ण भागमा रहेका रुख विरुवा चोरी कटानी तथा निकासी भैसकेको अवस्था छ । यस शाखाअन्तर्गतको रौतहटको जुडीबेलामा करीव १० हेक्टर तथा दुधिअवाको १९८.११ हेक्टर पूर्ण रुपमा अतिक्रमण भैसकेको अवस्था छ ।

**(ख) हाथिलेट वन व्यवस्थापन शाखा :**

यस शाखा अन्तर्गत लक्ष्मिनियां रेन्ज यूनिटमा करीब १९८ हे., कुश्मारी रेञ्ज यूनिटमा १०४ हे. तथा हात्तीलेट रेञ्ज यूनिटमा १७ हे. गरी जम्मा ३२० हेक्टरमा अतिक्रमण भएको छ । यस शाखाको अतिक्रमण सम्बन्धी विवरण तलको तालिका नं. २० मा दिइएको छ ।

**तालिका २० : हात्थिलेट वन व्यवस्थापन शाखा अन्तर्गत अतिक्रमणको विवरण**

| क्र.सं. | रेन्ज यूनिट | प्लट नं. | अतिक्रमण भएको क्षेत्रफल | अतिक्रमण भएको वर्ष |
|---|---|---|---|---|
| १ | **लक्ष्मिनिंया** | १वी | १६.०० | २०६२ साल |
| | | १सी | २२.०० | ,, |
| | | १डी | ५.०० | २०६८ साल |
| | | २डी | ५.९५ | २०६३ साल |
| | | ५ए | ९.२७ | २०६८ साल |
| | | ५वी | १५.०० | २०६३ साल |
| | | ५सी | १४.०० | २०६५ साल |
| | | ५डी | ११.०० | ,, |
| | | ६ए | ७.०० | २०६६ साल |
| | | ९ए | १५.०० | २०६४ साल |
| | | ९वी | १८.०० | २०६५ साल |
| | | ९डी | ५.०० | ,, |
| | | १०ए | ११.०० | २०६८ साल |
| | | १३सी | ६.०० | ,, |
| | | १४ए | ३.०० | २०६९ साल |
| | | १४वी | २.०० | ,, |
| | | १४सी | ४.०० | ,, |
| | | १७ए१ | ७.०५ | २०६३ साल |
| | | १७ए | २२.४० | २०६८ साल |
| | | **जम्मा** | १९८.६७ | |
| २ | **कुश्मारी** | १ ए,वी,सी,डी | ६७.५७ | ६ वर्ष पहिला देखि |
| | | ६डी | ४.७३ | ५ वर्ष पहिला देखि |
| | | ११ ए | १०.७ | २०४६ साल देखि |
| | | ८ए | २१.३ | ३ वर्ष पहिला देखि |
| | | **जम्मा** | १०४.३ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | हाथिलेट | १ए | ८.५५ | २०५० साल |
| | | १डी | ०.८९ | ,, |
| | | ५डी२ | ०.१० | २०६८ साल |
| | | ५डी१ | ०.७० | २०६० साल |
| | | ६ए | ०.५० | २०४५ साल |
| | | ६डी | ४.५६ | २०५० साल |
| | | १५वी | १.५० | २०५५ साल |
| | | १७डी | ०.५० | २०६५ साल |
| | | **जम्मा** | १७.३० | |
| | | **कूल जम्मा :** | ३२०.२७ | |

श्रोत : फिल्ड सर्वेक्षण, २०७०

### (ग) सागरनाथ वन व्यवस्थापन शाखा :

यस शाखा अन्तरगतको भक्तिपुर रेन्ज यूनिटमा १२.४५ हेक्टर अतिक्रमण भएको छ । यस शाखाको अतिक्रमण सम्बन्धी विवरण तलको तालिका न.२१ मा दिइएको छ ।

**तालिका २१: भक्तीपुर रेन्ज यूनिटको अतिक्रमणको विवरण**

| प्लट नं. | अतिक्रमण भएको क्षेत्रफल | अतिक्रमण भएको वर्ष |
|---|---|---|
| ३ सी१ | ५.०० | आ.व. ०५९।६० देखि |
| ३सी२ | ०.५० | |
| ३वी२ | २.०० | |
| १०वी | १.०० | |
| २०ए | ०.७५ | |
| १६सी | ०.०५ | |
| २७डी२ | १.०० | |
| २०ए | ०.७५ | |
| ८वी | ०.४० | |
| १०ए२ | ०.५० | |
| १०डी२ | ०.५० | |

### ६.१.१ अतिक्रमण नियन्त्रणका प्रयास :

**(क) मूर्तिया वन व्यवस्थापन शाखामा अतिक्रमण नियन्त्रण गर्न हालसम्म भएका प्रयासहरु :**

- विभिन्न मितिमा (०६३।६।७, ०६३।९।७, ०६५।५।४, ०६५।५।२५ र ०६५।११।९) म.क्षे.ब.नि., जि.ब.का.सर्लाही, बारा, रौतहट र परियोजना सहभागी बैठकबाट चोरी तथा अतिक्रमण नियन्त्रण गर्ने निर्णय भएको ।

- विभिन्न मितिमा (०६४।६।१३, ०६५।७।१ र ०६५।९।२८) प्र.जि.अ., नेपाली सेना, नेपाल प्रहरी जि.ब.का,.सर्लाही सहभागी भएका बैठकमा अतिक्रमण नियन्त्रण गर्ने निर्णय भएको ।

- विभिन्न मितिमा (०६५।५।२६, ०६५।७।२५, ०६५।९।१२ र ०६५।१२।१७) परियोजना, जि.ब.का.सर्लाही र अन्य सरोकारवाला सहितको अतिक्रमण नियन्त्रण बारे स्थानीय विभिन्न स्थानमा १ दिने गोष्ठि ।

- अतिक्रमणकारीलाई हटाउन २०६६/११/१२ गते जिल्ला प्रशासन कार्यालयमा भएको सर्वदलीय बैठक बमोजिम २०६६/११/२४ र २५  गते परियोजना, स्थानीय सुरक्षा निकाय, जिल्ला वन कार्यालय (छिमेकी जिल्लाहरुबाट समेत) र स्थानीय प्रशासनको सहयोगमा अतिक्रमण हटाउने प्रयास गरिएको ।

- वन तथा भूसंरक्षण मन्त्रालयबाट २०६७ जेष्ठ महिनामा मुर्तिया क्षेत्र अतिक्रमणको स्थलगत छानविन भएको ।

- प्रधानमन्त्री कार्यालयका तत्कालिन सचिव (हालका मूख्य सचिव), वन तथा भू-संरक्षण मंत्रालयका तत्कालिन र हालका सचिव, गृह मंत्रालयका सहसचिव, वन विभागका उपमहानिर्देशक लगायतका उच्चस्तरीय टोलीवाट मिति २०६८ पौष महिनामा मुर्तिया अतिक्रमण वन क्षेत्रको  निरीक्षण भई अतिक्रमण नियन्त्रण व्यवस्थापनका लागि आवश्यक निर्देशन प्राप्त भएको ।

- तत्कालिन माननीय वन तथा भूसंरक्षण मन्त्री समेतको सहभागितामा मूर्तिया क्षेत्र अन्तर्गतको सोल्टीको २२ र २३ ब्लकको ९१ हेक्टर क्षेत्रफलमा कृषिवन प्रणालि अनुसार स्थानीय समूदायको सहयोगमा २०६९ असोज महिनामा बृक्षरोपण भएको ।

- आ.व.०६९।०७०मा मूर्तिया क्षेत्रको लागि वन अतिक्रमण नियन्त्रण कार्ययोजना तयार (अनुसूची ६) गरी सो क्षेत्रमा ५००हे. क्षेत्रफलमा वृक्षरोपण गर्न सम्पूर्ण पूर्वाधारहरु तयार भएकोमा जिल्ला स्तरको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदल बाट निर्णयको प्रकृयामा रहेको ।

- मिति ०७०।२।२० गते अतिक्रमण गर्ने गराउने नाइके कुमार पौडेल सहितका मानिस माथि वन ऐन ०४९ बमोजिम कारवाही गर्न जि.व.का. सर्लाहीमा जाहेरी दर्ता गराइएको मा हाल अनुसन्धानमा रहेको ।

(ख) **हाथिलेट तथा सागरनाथ वन व्यवस्थापन शाखा** : यस शाखा अन्तर्गतका अतिक्रमण क्षेत्रहरुमा आ.व.०६९।०७० मा आर्थिक तथा वातावरणीय प्रतिकुलताका कारण हुन सकेन तथापि आगामि आ.व.को शुरुवातमा वृक्षरोपणको लागी स्थानीयस्तरमा छलफल र योजना तयारीमा सक्रियता कायम राखिएको छ ।

## ६.२ वन पैदावारको चोरी निकासी नियन्त्रण

परियोजनाको वनक्षेत्रको संरक्षणको लागि वन व्यवस्थापन शाखाहरुमा सवारी साधन सहितको चोरीनिकासी नियन्त्रण गस्ती टोलीको व्यवस्था छ। गस्तीको नेतृत्व प्रायः रेन्जर वा सुपरभाइजरबाट हुने गर्दछ र गस्ती सदस्यहरुमा ज्यालादारी चौकीदारहरु राखिएको छ। संवेदनशिल्ताको आधारमा गस्ती गर्ने क्रममा नजीकका नेपाल प्रहरी तथा शस्त्र प्रहरीबलको सहयोग लिएर गस्ती परिचालन गरि रहेको छ । आ.व. ०६९।०७० मा वनको गस्ती गर्ने क्रममा बरामद गरिएका वन पैदावार, औजार, बोझबाहक साधन आदि र कानूनी कारवाही भएको विवरण तालिका नं.२२मा उल्लेख गरिएको छ । वन पैदावारको चोरी निकासी नियन्त्रण गर्ने कार्य चुनौतीकोरुपमा रहेको छ जस्को प्रमुख कारणहरु निम्न बमोजिम रहेका छन् :

- परियोजनाको संगठनमा समय सापेक्ष पुनरसंरचना हुन नसक्नु,
- वनको संरक्षण कार्य दैनिक ज्यालादारी चौकीदारहरु माथि निर्भर रहनुपर्ने अवस्था रहेको,
- तस्करहरु हातहतियार सहित आउनु र
- तस्करहरु माथि कडा कारवाही नहुनुले कर्मचारीको कमजोर मनोबल ।

**तालिका २२ : आ.व. ०६९।०७० मा बरामद माल बस्तु तथा कारवाहीको विवरण**

| क.स. | बरामद माल बस्तुको नाम | इकाई | थान परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | अभियुक्त पक्राउ र कारवाही | जना | २१ | |
| | गोलिया बरामद | क्यू.फिट | ३१२४.३ | |
| | बल्ली बरामद | ,, | ५६५२.९ | |
| | पोल बरामद | ,, | ९ | |

| | | | | |
|---|---|---|---|---|
| | दाउरा | चटा | ०.५ | |
| | कोरा बरामद | थान | ७७ | |
| | ट्रेक्टर | ,, | २ | |
| | साईकल | ,, | ७६ | |
| | बन्चरा | ,, | १४ | |
| | टायरगाडा | ,, | ४ | |
| | गोरु | जिउ | ८ | |
| | मोटरसाईकल | थान | १ | |
| | कोदालो, हसिया | ,, | ७ | |

## ६.३ चरिचरण

परियोजनाको वनक्षेत्र संग जोडिएका गा.वि.स.हरुका हजारौ संख्याका पशु चौपायाहरु वृक्षरोपण क्षेत्रमा खुल्ला चरिचरण भईरहेको अवस्था रहेको छ । यसको नियन्त्रणकालागि हालसम्म कुनै प्रभावकारी किसिमको संयन्त्रको विकास हुन सकेको छैन । यसले गर्दा सरपट कटानका ब्लकहरुमा कपिसको धेरै हानी नोक्सानी हुँदै आएको छ र बिना तारबार कपिस एवं वृक्षरोपण सुरक्षित गर्न प्राय असम्भव भएको छ । यस समस्याका कारण संरक्षण तथा व्यवस्थापन खर्च बृद्धि भईरहेको छ ।

## ६.४ वन डढेलो

वृक्षरोपण क्षेत्र, विशेष गरी मसला प्रजातिको वृक्षरोपण वन डढेलोबाट सुरक्षित राख्नु मुख्य चुनौति रहेको  छ। रोकथामका लागि परियोजना द्वारा वन पथ, फायरलाईन, फायर वाच टावर, डढेलो नियन्त्रणका लागि मेशिनरी औजार तथा ब्लक, प्लटमा चौकिदार र सुख्खा मौसममा डढेलो जोखिम सुख्खा आगजन्य पैदावार हटाउने, सफागर्ने कार्यक्रम संचालिन छन् । तथापि वनमा खुल्ला चरिचरण तथा सबैको खुल्ला पहुचले गर्दा गर्मी याममा वर्षेणी २/३ पटक सम्म वन डढेलो लाग्ने गरेको पाईन्छ । यसको नियन्त्रणका लागि व्यवस्थापन शाखाका कर्मचारी, ज्यालादारी चौकीदार लगायत पानी टैंकरको प्रयोग गर्ने गरिएपनि प्रभावकारी किसिमले डढेलो नियन्त्रण हुन सकेको अवस्था छैन । गत बर्ष कुलक्षेत्रफलको करिब ७५ प्रतिशत क्षेत्रमा १ देखि २ पटक सम्म सतही डढेलो लागेको थियो र उल्लेख्य कुनै पनि क्षति भएको  पाईएन ।

## ७. आर्थिक विवरण :

### ७.१ आ.व. ०६९।०७० को बजेट निकाशा तथा खर्च :

विगत एकदशक अगाडि देखि परियोजना आफ्नै आयश्रोत संचालनमा रहेको छ। बार्षिक उत्पा( दनका आधारमा आम्दानीको लक्ष्य र बार्षिक बजेटको प्रस्ताव गरिन्छ। आ.व. २०६९।०७० मा रु. १७.५३ करोड अनुमान गरिएता पनि यसको ५० प्रतिशत भन्दा कम ८.८३ करोड निकासा भई रु. ८.१२ करोड वास्तविक खर्च देखिन्छ। शीर्षक अनुरुप निकासा खर्च निम्न तालिका २३ मा प्रस्तुत गरिएको छ।

**तालिका २३ : आ.व. ०६९।०७० को बजेट निकाशा**

| वजेट शिर्षक नं. | वजेट विवरण | हालको संकेत नम्बर | बार्षिक वजेट | मसान्त सम्म जम्मा निकासा | सबै महिनाको खर्च | वजेट बांकी |
|---|---|---|---|---|---|---|
| १.१ | तलव | २१११११ | २७२९१८७२।५० | २४४५९०००।० | २४३०२७०३।७० | १५६२९६।३० |
| १.२ | भत्ता | २१११९ | ५००००००।०० | ३८२०००।० | ३७२४५९।०० | ९५४१।०० |
| १.३ | दै.भ्र.भ | २२६१२ | ५५००००।०० | २७३०००।० | २७२१७५।०० | ८२५।०० |
| १.४ | पोशाक | २११२१ | ८३२५००।०० | ८३२५००।०० | ८३२५००।०० | ०।०० |
| १.५ | खाद्यान्न | २११२२ | १०००००।०० | ३२०५०।०० | ३२०५०।०० | ०।०० |
| १.६ | औषधि उपचार | २११२३ | १२०००००।०० | ७३६६००।०० | ७३६६००।०० | ०।०० |
| २.१ | धारा विजुली | २२१११ | ४५००००।०० | ४५००००।०० | ४६६११६।७५ | (१६११६।७५ |
| २.२ | टेलिफोन ट्रंकल | २२११२ | १२५०००।०० | ९००००।०० | ७०१७१।०० | १९८२९।०० |
| २.३ | सेवा अन्य | २२३११ | ७५००००।०० | ४५५०००।०० | ४३८२५३।०० | १६७४७।०० |
| २.५ | मरमत संभार | २२२१२ | ४००००००।०० | ३१८३०००।०० | २९९९४६७।२८ | १८३५३२।७२ |
| २.६ | कार्यालय सामान | २२३११ | २५००००।०० | २५००००।० | २४७९२७।०० | २०७३।०० |
| २.७ | अरु मालसामान | २२३११ | १२५०००।०० | १२५०००।० | १२४८६४।०० | १३६।०० |
| २.८ | छपाई | २२३११ | २५००००।०० | १९३३००।०० | १७६९८०।०० | १६३२०।०० |
| २.९ | पत्र पत्रिका | २२३११ | २२०००।०० | २२०००।०० | २१९७६।०० | २४।०० |
| २.१० | इन्धन सवारी | २२२११ | ५०००००।०० | ४५००००।०० | ३६७८४०।५५ | ८२१५९।४५ |
| २.११ | इन्धन अन्य प्रयोजन | २२२११ | २५००००।०० | २३८४४२।०० | २३८४४२।०० | ०।०० |
| २.१२ | औषधि खर्च | २२५३१ | २५०००।०० | ४०००।०० | ३९५९।०० | ४१।०० |
| २.१३ | विविध खर्च | २२७११ | ३१२०००।०० | २३९०००।०० | २१७१२६।०० | २१८७४।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१ | उत्पादन खर्च | २२५२१ | ११९७०७६८।०० | १२००००००।० | ९०९७०९०।०४ | २९०२९०९।९६ |
| ६.१ | फर्निचर | २९३११ | १२५०००।०० | ६००००।०० | ३१८५०।०० | २८१५०।०० |
| ६.२ | सवारी साधन | २९५१० | २५०००००।०० | ०।०० | ०।०० | ०।०० |
| ६.३ | मेशिनरी औजार | २९४१० | ५६००००।०० | २०००००।०० | १२३१२८।०० | ७६८७२।०० |
| ६.४ | भवन निर्माण सुधार | २९२२१ | ७५७५०००।०० | ३५००००।०० | ३२७५९८।०० | २२४०२।०० |
| ६.५ | सार्वजनिक नि.सुधार | २९२३१ | १०७८२७९८६।०० | ४३२४००००।० | ३९९४६०२६।०५ | ३२९३९७३।९५ |
| | | जम्मा | १७५२९२१२६।५० | ८८२६४८९२।० | ८१४४७३०२।३७ | ६८१७५८९।६३ |

## ७.२ आय तथा राजस्व बिबरण :

वन पैदावार उत्पादन तथा विक्री ब्यस्थापन परियोजनाको प्रमुख आयस्रोत हो। आ. व. ०६९।७० मा कुल ६८४ हेक्टर क्षेत्रको कटान र ४४ हेक्टर थिनिङ्ग गरी वन पैदावार उत्पादन लक्ष्य राखीएकोमा २५० हेक्टर सरपट कटान र ३० हेक्टर क्षेत्रफलमा थिनिङ्ग तथा विगत आ.व.को बाँकी मौज्दातबाट आम्दानी गरीएको कुल ८७.८ हजार क्यू.फिट गोलिया, १.७३ लाख क्यूफिट बल्लाबल्ली वन पैदावार विक्री नियमावली बमोजिम बिक्री भई कुल रु १९.५ करोड आय भएको र प्राप्त आम्दानीलाई नियमानुसार निम्न तालिका २४ र २५ बमोजिम वितरण भएको छ। विगत ५ बर्षको आम्दानी र वितरण अवस्था तल तालिका २६ र चित्र ११ मा प्रस्तुत गरिएको छ।

**तालिका २४ : विभिन्न शीर्षक अन्तर्गतका आम्दानी**

| क.स. | श्रोत शिर्षक | आय रु. |
|---|---|---|
| १ | वन पैदावार बिक्रीबाट | १९,३१,०३,६१९।४९ |
| २ | दण्ड जरीवानाबाट | ५४,२००।- |
| ३ | धरौटी जफत | १,०१,२२४।- |
| ४ | टेण्डर बिक्रि | ८,०३,४००।- |
| ५ | स:मिल भाडा | ७९,१००।- |
| ६ | हर्जाना | ५१,६२९।२५ |
| ७ | लिलाम | २,८९,०५६।- |
| ८ | जरीवाना | ८९,४९३।८२ |
| ९ | ब्याज | २,१३,९५८।६६ |

**तालिका २५: आ.व.०६९।०७०को आय तथा राजस्व बिबरण**

| कूल आय (रु.करोड) | रोयल्टी (रु.करोड) | मू.अ.कर (रु.करोड) | वन विकास कोष (रु.करोड) | मूलकोष (रु.करोड) | कैफियत |
|---|---|---|---|---|---|
| १९.५५ | ३.७८ | २.१५ | ०.१७ | १३.६९ | रायल्टीको १०% जि.वि.स. मा जाने । |




**तालिका २६ : विगत ५ वर्षको आय तथा राजस्व बिबरण**

| आ.ब. | प्रस्तावित मुलकोष (अनुमानित रकम) | समितिको मूलकोष रु. | रोयल्टी दाखिला रु. |
|---|---|---|---|
| २०६५।६६ | १०२२५५०००।०० | ५,९२,०७,५९४।५३ | २,३५,५८,०४३।२४ |
| २०६६।६७ | १३२१२८९६४।८० | ६,२८,७५,२०१।१० | १,९१,४४,५१७।८८ |
| २०६७।६८ | १४७७८०५१९।८० | ६,५७,०५,१३३।७१ | ३,१७,१६,६०१।८६ |
| २०६८।६९ | १९,७०,६१,९८१।५० | ८,९३,२७,६६७।८६ | ३,९०,६६,०२९।६८ |
| २०६९।७० | २५,१८,१०,३३१।५० | १३,६९,४७,८४८।६० | ३,७८,०५००६।८५ |




**चित्र न.११ : आ.व.०६५।०६६ देखि ०६९।०७० सम्मको मुलकोष र राजस्व आम्दानी**

## ७.३ धरौटीको विवरण :

**तालिका २७: आ.व. ०६९।७० को धरौटीको विवरण**

**धरौटी मास्केवारी (२०७० साल आषाढ महिना)**

| **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|
| अघिल्लो महिना सम्मको धरौटी | ३४०८८४०२।९३ | |
| यस महिनामा प्राप्त धरौटी | ३८४७८२८६।७४ | |
| **जम्मा** | ७२५६६६८९।६७ | |
| | | |
| यस महिनामा फिर्ता धरौटी | १६३९२९६।१८ | |
| यस महिनामा सदरस्याहा धरौटी | ५२१०२५५०।२२ | |
| **जम्मा** | ५३७४१८४६।४० | |
| कच्चावारी अनुसार श्रेस्ता बाँकी | १,८८,२४,८४३।२७ | |

**बैंक बांकी**

कृषि विकास बैंक : १२२७४४१०।३४

रा. वा. बैंक १४ : २४७९८३१।३०

रा. वा. बैंक ११०६ : ४०७६९५६।८४

हि.मि. फरक : (६३५५।२१)

**जम्मा :** १,८८,२४,८४३।२७

# ८. बार्षिक भौतिक प्रगति समीक्षा

परियोजनाले प्रत्येक आर्थिक बर्षमा आफना सालवसालि संचालन गरिने कार्यक्रमहरुको लक्ष्य तथा बजेट तर्जुमा गर्ने गरेको छ । विकास समिति अन्तर्गत आफनै आम्दानीमा संचालित यस परियोजनाका प्रमुख तीन प्रकारका (१)वन पैदावार उत्पादन तथा बिक्रि वितरण, (२) विकास तथा पुजी निर्माण र (३) प्रसासनिक तथा पुर्वाधार मर्मत सम्बन्धित कार्यक्रम हुने गर्दछ । कार्यक्रम तथा बजेट परियोजना स्तरमा वन व्यवस्थापन योजनाले निर्दिष्ट गरेका, विगतका अनुभव, आवश्यकता र स्रोत साधनको उपलब्धताका आधारमा आन्तरिक छलफल र अन्तरक्रियाबाट तयार गरिन्छ र वन तथा भूसंरक्षण मन्त्रालय, मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालयद्वारा आयोजना हुने बार्षिक योजना तर्जुमा गोष्ठिमा छलफल भै वन पैदावार विकास समितिबाट आ.व. को शुरुमा अनुमोदन तथा स्वीकृत गर्ने व्यवस्था छ । यसै प्रक्रिया अनुरुप आ.व. ०६९।७० को समेत माथि उल्लेखित प्रमुख कार्यक्षत्रहरुमा मुर्तिया बृक्षरोपण पुनर्स्थापना बाहेक लक्ष्य सहित १६ वटा विभिन्न कार्यक्रम र बजेट प्रस्ताव भै स्वीकृत भएको थियो ।

बार्षिक प्रगति समिक्षाका समयमा पूर्व स्वीकृत कार्यकमहरु मध्ये परियोजनाका पुर्वाधार निमार्ण, मर्मत संभार, मानव साधनको पुनर्ताजगी, प्रचार प्रसार आदि बाहेकका अतिआवश्यक कार्यक्रमहरु औषतमा ५०-६० प्रतिशत मात्र प्रगति हुन सकेको छ । समग्रमा ५०.२५ भारित भौतिक प्रगति हासिल भएको छ । प्रत्येक कार्यक्रम लक्ष्य र प्रगतिको अवस्थाको विश्लेषण गर्दा औषत ५० प्रतिशत देखिदा कार्यक्रम बढी महत्वकांक्षी देखिएता पनि आम्दानीको नगद प्रवाह र कार्यक्रम कार्यान्वयन योजना तालमेल नहुनु वा कार्यसंचालन पुजी अभाव, पुरानो संरचनामा आर्थिक दायित्वमा बृद्धि, जनशक्ति परिचालनमा विवाद र कार्यक्रम संचालनमा ईच्छाशक्तिमा ह्रास आउनु प्रगति कम हुनका कारणहरु देखिन्छन । कार्यक्रम कार्यान्वयन बजेट अभावले निकाशा हुन नसक्नु र दक्ष कर्मचारीको न्यून हुनु प्रमुख कारण रहेको छ । आ.व. ०६९।७० को स्वीकृत कार्यक्रम तथा वजेट अनुसूची-७ र वार्षिक प्रगति विवरण अनुसूची ८ मा दिइएको छ ।

## ८.१ मूख्य सिकाई :

यस परियोजनाको सालवसाली कार्यक्रम कार्यान्वयनका अनुभवको आधारमा वन व्यवस्थापनको निम्ति निम्न पाठ सिक्न सकिन्छ ।

- प्राकृतिक रुपले पुनर्स्थापना हुन सक्ने वनजङ्गल विशेष गरी तराईको वनक्षेत्रलाई वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट बढी उत्पादनमूलक बनाउन सकिन्छ । यस प्रक्रियाबाट राष्ट्र र स्थानीय ग्रामिणक्षेत्रका कमजोरवर्ग दुबैको आर्थिक तथा सामाजिक उन्नतिमा ठुलो टेवा पुऱ्याउन सकिन्छ ।

- वनको व्यवस्थापन योजना अनुरुप वन पैदावार सदुपयोग (Harvesting) गर्नुभन्दा अगावै वन पैदावारको बजार व्यवस्थापन सम्बन्धी अग्रिम व्यवस्था मिलाउन अतिआवश्यक छ। कतिपय वन पैदावारको ट्रिटमेण्ट तथा प्रशोधनको व्यवस्थाबाट देश र समाजलाई अधिकतम फाइदा पुऱ्याउन सकिन्छ।

- वृक्षरोपण क्षेत्रमा स्थानीय सीमान्त कृषकहरुलाई सहभागी गरी टांगिया/कृषिवन प्रणाली अपनाउंदा वन अतिक्रमणका संभावना बढी हुन्छ । वास्तवितामा कृषिवन प्रणालि अवलम्बन गराउदा किसान र वन बाली दुवै लाभान्वीत हुने अवस्था रहेबाट उपयुक्त मध्यस्त भूमिका निर्वाह गर्ने गैसस वा व्यवसायीक संस्थाद्वारा रेखदेख अनुगमन गर्ने संरचनाको नीतिगत व्यवस्था हुन उपयुक्त देखिन्छ।

- कृषिवन प्रणाली अन्तर्गत मसलाको वृक्षरोपण गर्दा मसलाको बृद्धि सामान्य अवस्था भन्दा उच्च पाइयो ।

- मसलाको बृक्षरोपणमा लेमन ग्रास अन्तरबालि खेती गर्दा मसलाको बृद्धिमा प्रतिकूल असर पाईयो ।

- सरपट कटान पश्चात मसला र टिकको कपिस व्यवस्थापन गर्न सकिन्छ।

- मसला गोलिया उत्पादन पश्चात कम समयमै बिक्री नगर्दा फुटने र गुणस्तरमा ह्रास आएको पाईयो।

## ८.२ अवसर तथा उपलब्धी :

**क) <u>वन पैदावारमा आधारित उद्योगहरुका लागी</u>** :

१) श्री नेपाल उड उद्योग, पर्सौनी–७, बाराका लागि बार्षिक ४०० चट्टा टिक र सिसौ दाउरा ३ वर्ष अबधिको लागि उपलब्ध गराउंने मिति २०६९।१२।२६ मा सम्झौता भएको ।

२) ग्रामिण बिद्युतिकरणको लागी आवश्यक मसला जातका काठे पोलहरु टी.सी.एन.ले ट्रिटमेन्ट गरी बार्षिक करीव ५ हजार थान पोल नेपाल बिद्युत प्राधिकरणलाइ आपुर्ति गर्दै आएको ।

३) विभिन्न फर्म र उद्योगहरुलाई बार्षिक करिब ३ लाख क्युफिट गोलिया तथा बल्लाबल्ली काठ आपुर्ति गर्दै आएको ।

**<u>ख) स्थानिय जनताहरुका लागी :</u>**

१) बृक्षरोपण क्षेत्रमा स्थानीय कृषकहरुले कृषिबालीहरु लंगाउन सक्ने व्यवस्था गरिएबाट स्थानीय कृषकहरु लाभान्वित हुदै आएको ।

२) परियोजना क्षेत्रमा रुखहरु सर्पट कटान गर्दा निस्कने मसिना हांगाबिंगाहरु स्थानीय जनताहरुलाई निशुल्क उपलब्ध हुदै आएको ।

३) स्थानीय जनताहरुलाई घरकाजको प्रयोजनको लागि दाउरा र काठ सुलभ मुल्यमा परियोजनाले उपलब्ध गराउने गरेको । आ.व. ०६९।०७० मा जम्मा ११३९ घरधुरीलाई ५११७० क्यू.फिट काठ तथा १६४ घ.धु.लाई ५५ चट्टा दाउरा उपलब्ध गराईएको थियो । त्यस्तै सर्लाहीको दक्षिण भेगका दाउरा बिक्री डिपोलाई ७.७५ चट्टा दाउरा उपलब्ध गराई स्थानिय आपूर्तिमा टेवा पुरयाइएको थियो ।

४) स्थानीय संघ संस्था,स्कूल आदि लाई परियोजनाबाट सुलभ मुल्यमा काठ दाउरा उपलब्ध हुदै आएको आ.व. ०६९।०७० मा विभिन्न संघ संस्था/स्कूलका फर्निचर निमार्ण कार्यका लागि २६,७३१ क्यू.फिट काठ तथा विभिन्न यज्ञका लागि २९.५ चट्टा दाउरा उपलब्ध गराइएको ।

५) वन ब्यबस्थापन कार्यक्रमहरुको संचालन गरिदां स्थानीय जनताहरुलाई रोजगार उपलब्ध भै आय आर्जनमा सहयोग हुंदै आएको साथै स्थानीय तवरमा गरिबी न्युनिकरणमा सहयोग पुग्न गएको । बिकास तथा संरक्षण र सदुपयोगका कार्यहरुमा प्रत्येक वर्ष करिब २,००,००० श्रमदिन बराबर रोजगार ग्रामिण क्षेत्रका स्थानिय जनतालाई उपलब्ध हुन गई उक्त वर्ग लाभान्वित भएका छन् ।

६). स्थानिय जनताहरुको सहभागितामा परियोजना क्षेत्रको संरक्षण र सम्वर्धनका कार्यहरु सञ्चालन गरी परियोजनासंग जोडिएको गा.बि.सका. वडाहरुमा संलग्न समुहहरुलाई समितिको नीति निर्देशनमा रही बिकास निर्माणको कार्यमा पनि सहयोग पुऱ्याउने कार्य गरिएको ।

७) निजी वन विकासका लागी लागत मूल्यमा गुणस्तरयुक्त विरुवा उपलब्ध हुंदै आएको । आ.व.०६९।७० मा स्थानीयव्यक्ति र संघ संस्थालाई ४,७७,८८६ वटा विरुवा उपलब्ध गराईएको छ ।

## ८.३ बिद्यमान समस्या तथा चुनौतीहरुः

### ८.३.१ **समस्या** :

- **बृक्षरोपण क्षेत्रको फडानी र अतिक्रमणः** परियोजनाको कार्यक्षेत्र पूर्व पश्चिम लोकमार्ग दक्षिण र घना आवादि उत्तरमा अवस्थितिका कारण वन पैदावारको अधिक माग एवं आप्रवासिहरुको बाहुल्य भएका क्षेत्रमा अतिक्रमण र जगंल फडानीको अधिक चाँप छ । वन पैदावारको खुल्ला बजार, उर्वर भूमीमा सहज पहुँच, परियोजनाको संरक्षण तर्फ

निशस्त्र कमजोर संयन्त्र र अपराध नियन्त्रणमा कानूनी उपचारका लागि जिल्ला वन कार्यालय र नेपाल प्रहरीमा निर्भर हुनुपर्ने हुन्छ,

- **अतिक्रमित क्षेत्र पुनर्स्थापना गर्न आर्थिक स्रोतको अभावः** विगत दशक देखि नै परियोजना आफ्नौ आम्दानी स्रोतबाट स्वचालिति छ । मूख्य स्रोत काठ दाउरा हो र यी पैदावार बिक्रि आम्दनीबाट नेपाल सरकारले राजपत्रमा तोकेको राजश्व मूल्य र मुअकर नियमित बुझाईरहेको छ । नेपाल सरकारको नीति निर्णय अनुसार परियोजनाले यसरी बुझाएको राजश्वको आधा बृक्षरोपणमा लगनी गर्न नियमित निकासा दिने उल्लेख भएतापनि प्राप्त हुन नसक्दा पुनर्स्थापना कार्यमा कठिनाई परेको छ,
- योजना अनुसार कटान क्षेत्र आर्थिक अभावमा वृक्षरोपण हुन नसक्नु,
- परियोजनाका स्थापना समयमा निर्माण गरिएका पुराना पूर्वाधार र साधन पुनर्स्थापन एवं पुननिर्माण हुन नसक्दा मर्मत संभार र संचालन खर्च बृद्धी हुँदा आर्थिक दायीत्व बढदै गएको र उत्पादकत्वमा ह्रास आउदा आय खुम्चदै गएको छ,
- विनियमावली बमोजिम निवृत्त हुने स्थायी कर्मचारीलाई आर्थिक अभावले उपदान सहित अवकाश र स्थायी पदपुर्तिको व्यवस्थापन हुन नसकेको,
- परियोजनाको वन व्यवस्थापन योजना तयार नहुनु,
- संगठनको समय सापेक्ष पुनरावलोकन नहुनु,
- सवारी साधन, ढुवानी तथा विकास निर्माणमा प्रयोग हुने साधनहरु धेरै पुरानो भईसकेकाले समय-समयमा काममा बाधा उत्पन्न हुने,
- वनक्षेत्र वरिपरि ठूलो संख्यामा सुकुम्वासी जनताको वसोवास रहनु,
- परियोजना क्षेत्र वरीपरी महोत्तरी र सर्लाहीमा नीति नियम विपरित सःमिल संचालनमा रहनु ।

८.३.२ **चुनौतिहरुः**

- बृक्षरोपणक्षेत्रको संरक्षण तथा वन व्यवस्थापन कार्य अदक्ष दैनिक ज्यालादीहरुबाट संचालन गर्नुपर्ने,
- स्थायी दक्ष कर्मचारीको निरन्तरता र नियमित पदपुर्तिमा विवाद,
- लामो समय देखि व्यवस्थापन योजना पुनरावलोकन नहुंदा कार्यान्वयन अन्यौल र परिणाममूखी हुन कठिन,

- वन पैदावार चोरी गर्ने अपराधीद्वारा फिल्डका कर्मचारीमाथि आक्रमण,
- वैज्ञानिक वन व्यवस्थापनको नमूना क्षेत्र कायम राख्न कठिनाई,
- प्राय प्लटहरुमा ग्रोइङ्ग स्टक कम हुदै गैरहेको,

## ८.४ समाधानका लागि सुझाव :

- अतिक्रमण रणनीति २०६८को प्रभावकारी कार्यान्वयन हुनुपर्ने,
- व्यवस्थापन योजना तयार र कार्यान्वन हुनुपर्ने,
- समन्वय र अनुगमनलाई प्रभावकारी गराउनु पर्ने,
- अतिक्रमित क्षेत्र खालि गराउन र वृक्षरोपण गरी पुनर्स्थापनाका लागि प्रस्ताव गरिए कार्ययोजना कार्यान्वयन हुनु पर्ने,
- परियोजना क्षेत्र अन्तर्गतका जिल्लाको वन पैदावारको आवश्यकता परिपूर्तिका लागि प्राथमिकता दिनु पर्ने,
- वन अतिकमण गरी वन विनास गर्ने हालसम्म पहिचान भएका दोषी माथि सम्बन्धित निकायबाट अविलम्ब कारवाही हुनुपर्ने,
- बदलिदो राजनैतिक परिवेश र जनताको चेतना स्तरको मापन गरि समय सुहाउँदो नीति नियमको निर्धारण हुनुपर्ने,
- गल्ती गर्ने कर्मचारीलाई दण्ड र राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने व्यवस्था हुनुपर्ने,
- संगठनको पुनसंरचना तयार गरी न्यूनतम आवश्क कर्मचारी स्थायी पदपुर्ति व्यवस्था हुनुपर्ने,
- समितिको गठन आदेशमा सामयिक संसोधन हुनुपर्ने,
- परियोजनामा कार्यरत कर्मचारीले वन पैदावार चोरी निकासीमा संलग्न व्यक्ति/साधनलाई पक्राउ गरी कारवाही चलाउने कानूनी अधिकार नभएको हुंदा संरक्षण कार्य प्रभावकारी हुन सकेको छैन, त्यस्तो कानूनी अधिकार प्राप्त गर्ने सम्वन्धमा आवश्यक पहल हुनुपर्ने,
- स्थानिय आयतन तालिका परिमार्जन गरी बनाउनु पर्ने,
- पुराना सवारी साधन र मेशीन औजारहरुको लिलाम गर्नुपर्ने,

## ९ सन्दर्भ सामग्री :

१. सा.व.वि.प.कार्ययोजना, २००५

२. वन उप–वन, अर्धवार्षिक, वर्ष १, अंक १, २०५३

३. सा.व.वि.प.का नक्शाहरु

४. कार्यालय रेकर्ड

# १० अनुसूचीहरु :

**बार्षिक प्रतिवेदन सम्बन्धि सहायक समाग्रीहरु अनुसूची १ देखि १० मा विस्तृत जानकारीका लागि प्रस्तुत गरिएको छ ।**

**अनुसूची : १ (क)**

**वन पैदावार गठन आदेश**

..........................

# नेपाल राजपत्र

भाग–३

नेपाल सरकारको द्वारा प्रकाशित

खण्ड २८ काठमाण्डौ साउन ११ गते २०३५ साल अतिरिक्तांक २६

## नेपाल सरकार

**वन मन्त्रालयको**

**सूचना**

**वन पैदावार विकास समिति (गठन) (पहिलो संशोधन)आदेश २०३५**

वन पैदावार विकास समिति (गठन) आदेश २०३३ लाई संशोधन गर्न वान्छनिय भएकोले, विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "वन पैदावार विकास समिति (गठन)( पहिलो संशोधन) आदेश २०३५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधन** : वन पैदावार विकास (गठन) आदेश २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :

२. परिभाषा : यस आदेशमा "**परियोजना**" भन्नाले नेपाल सरकारवाट स्वीकृत वन पैदावार विकास परियोजना र सागरनाथ वन विकास परियोजना सम्झनु पर्छ ।

३. मूल आदेशको दफा ४ मा संशोधन : मुल आदेशको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ ।

४. समितिको काम कर्तव्य र अधिकार : परियोजना कार्यान्वीत गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्न लिखित कामहरु गर्न सक्नेछ :-

(१) **वन पैदावार विकास परियोजनाको सम्बन्धमा :**

(क) परियोजनाको कार्यान्वयन र संचालन सम्बन्धमा नीति निर्धारण र परियोजनाको कार्यान्वयनमा रेखदेख पुऱ्याउने ।

(ख) काठहरुको सिजनिंग तथा प्रिजर्भेशन गर्ने र व्रिकेट बनाउने ।

(ग) काठ दाउरा लगायत अन्य वन पैदावारको डिपो खडा गरी विक्री वितरण गर्ने ।

(घ) वन पैदावारमा आधारित उद्योगहरुलाई वन पैदावार उपलब्ध गराई विस्तार गराउने ।

(ङ) विभिन्न जातका काठहरुको उपयोग गरी काष्ठ उद्योगहरु स्थापना गर्ने सम्भा( व्यता अध्ययन गर्ने ।

(च) काठ दाउराको वर्तमान तथा दीर्घकालिन माँग आपूर्ति सम्बन्धमा अनुसन्धान गर्ने ।

(छ) प्रत्येक आर्थिक वर्षको कार्यक्रम र त्रैमासिक प्रगती वन मन्त्रालयमा पेश गर्ने ।

(ज) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारको नियुक्ति गर्ने ।

(झ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

(२) **सागरनाथ वन विकास परियोजनाको सम्बन्धमा :**

(क) सागरनाथ वन क्षेत्रको एघारहजार हेक्टर जँगलमा दश वर्षमा सर्पट कटान गरी वृक्षरोपण गर्ने ।

(ख) वृक्षरोपणको लागी नर्सरी स्थापना गर्ने ।

(ग) वृक्षरोपण गरी हेरचार र संरक्षण गर्ने ।

(घ) परियोजना अवधीमा एकसय हेक्टरमा अगुवा टाँगिया कार्यक्रम शुरु गर्ने ।

(ङ) वन पथ तथा अग्नी रेखा बनाई आगोबाट वन संरक्षण गर्ने कामहरु गर्ने ।

(च) कटान भएका रुखवाट गोलिया, काठ, दाउरा, कटान, चिरान, फडान, गरी विक्री वितरण गर्ने ।

(छ) स:मिलको स्थापना गर्ने ।

(ज) काठको सिजनिंग, ग्रेडिंग र प्रेसर र इम्प्रेग्नेशन समेत गरी वन पैदावारको गुणउपयोगिता वृद्धि गर्न सबै काम गर्ने ।

(झ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

**अनुसूची : १ (ख)**

## नेपाल सरकार
## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना
## वन पैदावार विकास समिति गठन (पांचौ संशोधन) आदेश २०६०

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "वन पैदावार विकास समिति गठन (पांचौ संशोधन) आदेश २०६०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ (२) मा संशोधन** : वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका कार्यकरी अध्यक्ष र सदस्यहरु रहने छन :

| | | |
|---|---|---|
| (क) वन तथा भू-संरक्षण मन्त्रालयवाट नियुक्त | – | कार्यकारी अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय | – | सदस्य |
| (ग) प्रतिनिधि, वन विभाग | – | सदस्य |

३. मूल आदेशको दफा ३ को उपदफा २ पछि देहायको उपदफा (२क) र (२ख) थपिएका छन्:

(२क) कुनै विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वन विज्ञ, प्रशासन विज्ञ वा व्यवस्थापनको कुनै क्षेत्रमा कम्तीमा १० वर्ष काम गरी अनुभव हासिल गरेको सरकारी सेवा भित्रको वा वाहिरको नेपाली नागरिक मध्येबाट वन तथा भू-संरक्षण मन्त्रालयले कार्यकारी अध्यक्षको नियुक्ति गर्नेछ ।

(२ख) कार्यकारी अध्यक्षको पदावधि नियुक्तिको मिति देखि २ वर्षको हुनेछ ।

४. मूल आदेशको दफा ३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :

"(५) समितिको कार्यकारी अध्यक्षले तोकेको समितिको बरिष्ठ अधिकृतले समितिको सचिवको काम गर्नेछ ।"

**गठन आदेश (संशोधन २०५०) मा उल्लेख समितिको काम कर्तव्यमा सागरनाथ परियोजना सम्बन्धमा :**

(क) राजमार्ग देखि दक्षिण सागरनाथ वन क्षेत्रको करीब असी हेक्टर वन क्षेत्र र मूर्तिया वन क्षेत्रको तीन हजार तीन सय हेक्टर वनक्षेत्र गरी जम्मा तीन हजार तीन सय असी हेक्टर वनक्षेत्रमा सर्पट कटान गरी वृक्षरोपण गर्ने ।

(ख) वृक्षरोपणको लागि नर्सरी स्थापना गर्ने ।

(ग) राजमार्ग देखि दक्षिण सागरनाथमा वृक्षरोपण गरी सकेको चारहजार चार सय हेक्टर जग्गा तथा भविष्यमा गरिने वृक्षरोपण क्षेत्रहरु समेतको हेरचाह र संरक्षण गर्ने ।

(घ) परियोजना अवधिमा पाँचहजार हेक्टर जग्गामा अगुवा टाँगिया कार्यक्रम शुरु गर्ने ।

(ङ) वन पथ तथा अग्नी रेखा बनाई आगोवाट वन संरक्षण गर्ने कार्यहरु गर्ने ।

(च) वृक्षरोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेके वन पैदावार हटाई सो हटाउंदा लागेको लागत खर्च लिई उक्त वन पैदावार नेपाल सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने ।

(छ) वृक्षरोपणको लागि छुट्टाइएको वन क्षेत्रमा रहेका तथा सो क्षेत्रमा परियोजनावाट उत्पादन गरिने वन पैदावार अथा अन्य पैदावारको मूल्य समितिवाट निर्धारण गराई त्यस मध्येको काठ दाउराको प्रचलित सरकारी मूल्य (रोयल्टी) वन विभागलाई बुझाई सो काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु आवश्यकतानुसार न्यूनतम परिमाणमा सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरु तथा स्थानिय जनतालाई ग्राह्यता दिई विक्री वितरण गर्ने । सरकारी निकाय, निजी क्षेत्रका उद्योगहरु तथा स्थानीय जनताले लिन नचाहेको काठ दाउरा, वन पैदावार र अन्य पैदावारहरु लिलाम गरी विक्री वितरण गर्ने ।

(ज) वृक्षरोपण क्षेत्रमा परियोजनाले उत्पादन गरेका मसलाको तेल र टाँगिया कार्यक्रम अन्तर्गत उत्पादन गरिएको अन्य पैदावारहरु विक्री वितरण गर्ने ।

(झ) वृक्षरोपण गरी हुर्काइएका रुखहरुवाट विद्युत तथा टेलिफोन प्रशारण लाइनको लागि उपयुक्त हुने किसिमका काठहरु लठ्ठाहरु उत्पादन गरी विक्री वितरण गर्ने।

(ञ) वृक्षरोपण क्षेत्रको झारपात तथा रुखका हांगा बिंगा, जरा र ठुट्टाहरुवाट गोल तथा ब्रिकेट उत्पादन गरी विक्री वितरण गर्ने ।

(ट) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

५. मुल आदेशको दफा ९ को उपदफा (१), (३) र (४) मा देहाय बमोजिम संशोधन गरिएको र उपदफा (२) झिकिएको छ :

(१) समितिको वैठक कार्यकारी अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) झिकिएको छ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा कार्यकारी अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) समितिको निर्णय कार्यकारी अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।"

अनुसूची : २

## सागरनाथ वन विकासपरियोजना, सर्लाही

# नागरिक–वडापत्र

| क्र. सं. | परियोजनावाट प्रदान गरिने सेवाहरु | समय अवधी | लाग्ने शुल्क प्रति क्यू.फिट/ (मू.अ.कर र वन विकास कोष अतिरिक्त लाग्नेछ) | पेश गर्नु पर्ने कागजात | सम्पर्क व्यक्ति वा शाखा | सो अवधिमा सेवा नपाएमा सम्पर्क गर्नु पर्ने व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घर निर्माण वा मर्मत गर्न आवश्यक प्रजाती अनुसार मसला काठ बढीमा ७५.० क्यू.फिट/ साल, टिक र सिसौ काठ बढीमा ३०.० क्यू.फिट प्रति परिवार प्रति वर्ष उपलब्ध गराउने । | मौज्दात रहेमा १ हप्ता भित्र | १. मसला गो. ४'.मुनी – ४२५।-<br>२. मसला गो.४'र माथि – ४५०।-<br>३. मसला बल्ली ए ग्रेड – ३००।-<br>४. मसला बल्ली वी ग्रेड – १६०।-<br>५. सिसौ गो. ए ग्रेड – १२००।-<br>६. सिसौ गो. वी ग्रेड – ८२५।-<br>७. सिसौ गो.सी ग्रेड – ५५०।-<br>८. सिसौ बल्ली ए ग्रेड– ५००।-<br>९. सिसौ बल्ली वी ग्रेड– ३००।-<br>१०. टिक गो. ए ग्रेड – १२५०।-<br>११. टिक गो. वी ग्रेड– १०५०।- | **निवेदन र संलग्न कागजातहरु :**<br>☐ गा.वि.स.को सिफारीस ।<br>☐ नागरिकता प्रमाणपत्र र जग्गा धनी प्रमाण पूर्जाको फोटोकपी ।<br>☐ चालु आ.व.को मालपोत तिरेको रसिद ।<br>☐ निवेदन साथ रु. १०।- को हुलाक टिकट । | लगयार्ड शाखाको सिफारीसमा सागरनाथवन व्यवस्थापन शाखा, सर्लाही र हात्तिलेट वन व्यवस्थापन शाखा, माईस्थान, महोत्तरी | परियोजना प्रमुख, वन व्यवस्थापन शाखा प्रमुख तथा सूचना अधिकारी श्री तीर्थराज चन्द | विक्री वितरण कार्य सातामा दुई दिन हुनेछ ।<br><br>साल काठको हकमा उपलब्ध भएमा मात्र दिइने छ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १२. टिक गो. सी ग्रेड– ८५०।-<br>१३. टिक बल्ली ए ग्रेड– ७०५।-<br>१४. टिक बल्ली. वी ग्रेड– ५००।-<br>१५. साल गो. ए ग्रेड– १४५०।-<br>१६. साल गो. वी ग्रेड– १२००।-<br>१७. साल गो. सी ग्रेड– ९००।-<br>१८. साल बल्ली एग्रेड– ९००।-<br>१९.साल बल्ली वी ग्रेड– ७००।- | (यदि ब्लक क्षेत्र वा गा.वि.स.भित्रको पर्ती जग्गा भएमा गा.वि.स.वाट घर निर्माण/मर्मत हुने जग्गाको चौहद्धी खुलेको हुनु पर्नेछ) | | | |
| २ | स्कूल तथा संघसस्था( लाई आवश्यक पर्ने प्रजाती अनुसार काठ एक पटक बढीमा ५००.० क्यू.फिट सम्म उपलब्ध गराउने । | | | संचालक समितिको निर्णय प्रतिलिपि, परिमाण खुलेको लागत ईष्टीमेटका र सम्बी( न्धत कार्यालयको सिफारिस पत्र । | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **दाउरा–एकपाउ**<br>घरकाज वा अन्य पर्वको लागी । | मौज्दात रहेमा निवेदन दिएको ७ दिन भित्र | **दाउरा प्रति चट्टाको मूल्य :**<br>१.टिक दाउरा रु. ४८०००।-<br>२.सिसौ दाउरा रु. ४७,०००।-<br>३. मिश्रित प्रजाती दाउरा रु. ३०,०००।-<br>४. मसला दाउरा रु. ३२,०००।००<br>(उपरोक्त मूल्यमा मू.अ.कर तथा वन विकास कोष रकम लाग्ने छैन) | **निवेदन र संलग्न कागजातहरु** :<br>☐ गा.वि.स.को सिफारीस ।<br>☐ नागरिकता प्रमाणपत्रको फोटोकपी ।<br>☐ निवेदन साथ रु. १०।- को हुलाक टिकट । | लगयार्ड शाखाको सिफारीसमा सागरनाथ वन व्यवस्थापन शाखा, सर्लाही र हात्तिलेट वन व्यवस्थापन शाखा, माईस्थान, महोत्तरी | | |
| ४ | काठ दाउरा लिलाम विक्री | सूचनामा प्रकाशित जात, परिमाण र समय | बोलपत्र वा दरभाउपत्र आव्हान गरी | समितिको विक्री नियम(ावली अनुसार । | सदुपयोग शाखा | | |
| ५ | विरुवा विक्री | मौज्दात रहेमा सोही दिन | प्रति विरुवा रु.५।-<br>(रोप्ने ठाउँ उल्लेख गर्ने) | निवेदन | योजना शाखा | | |
| ६ | मसला पात विक्री | उपलव्धता अनुसार | आफ्नै खर्चमा संकलन गरी समितिको निर्धारित दररेटमा | समितिको विक्री नियम(ावली अनुसार | सदुपयोग शाखा | | |

**पुनश्च :**

१. काठ/दाउरा घाटगद्दीमा मौज्दात रहेको अवस्थामा मात्र तोकिएको समयमा उपलब्ध हुनेछ ।

२. घरकाजको परिमाण बार्षिक कूल उत्पादनको २५ प्रतिशत रहनेछ ।

३. **सम्पर्क राख्नु पर्ने सम्बन्धीत शाखा प्रमुख** :

(क) सदुपयोग शाखा प्रमुख श्री तीर्थराज चन्द

(ख) हाथिलेट वन व्यवस्थापन शाखा प्रमुख श्री शिवशंकर ठाकुर

(ग) सागरनाथ वन व्यवस्थापन शाखा प्रमुख श्री जयलाल शाह

(घ) लगयार्ड शाखा प्रमुख श्री लालवावु प्रसाद यादव

अनुसूची : ३

# ग्रेडिंग नर्मस

**ग्रेडिंग नर्मस** : यस परियोजनामा कटान मुछान हुने काठ दाउराको नाप पैमाईस तथा ग्रेडिंग गर्ने कार्य नेपाल-राजपत्र खण्ड ६१ संख्या ८ भाग ५ मिति २०६८।२।२३ मा प्रकाशित सूचना बमोजिम गर्ने गरिन्छ । नाप पैमाईस तथा ग्रेडिंग सम्बन्धी विधि तल उल्लेख गरिएको छ ।

(**क**) **गोलिया काठ** : दोषको मात्रा घटी बढी भई उत्पादन हुन सक्ने परिमाणमा फरक पर्ने देखिएमा उत्पादन हुन सक्ने चिरान प्रतिशतलाई आधार मानी ग्रेड कायम गर्नु पर्नेछ । उदाहरणको लागी ७ फिट लम्बाई र ६ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा बढी भई ६५ प्रतिशत भन्दा धटी चिरान काठ उत्पादन हुने भएमा "वी" ग्रेड कायम गर्न सकिनेछ । ५ फिट लम्बाइ र ५ फिट भन्दा बढी गोलाइ भएको काठमा दोषको मात्रा कम भई ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने भए "ए" ग्रेड कायम गर्नु पर्नेछ । काठको गोलाइ र चिरान प्रतिशत नै ग्रेडिङ्गको मुल आधार हुनेछ

(१) **साल** :

(क) "ए" ग्रेड : लम्बाई ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "वी" ग्रेड : लम्बाइ ४ फिट भन्दा बढी, गोलाइ ४ फिटदेखी ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको/चर्केको, गांठो भएको/बोक्रा भित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत पादन हुन सक्ने ।

(ग) "सी" ग्रेड : लम्बाई २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिट भन्दा बढी, चिरिएको, चर्केको, गांठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको,मक्किएको/सडेको रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(२) **अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी** :

(क) "ए" ग्रेड : लम्बाई ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २ प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "वी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिट देखी ७ फिटसम्म, चिरिएको, चर्केको, गाठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए २ प्वाल भन्दा बढी भएको, मक्किएको/सडेको/रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(३) **जंगली सिसौ :**

(क) "ए" ग्रेड :लम्बाई ७ फिट भन्दा बढी, गोलाइ ६ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २  प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "वी" ग्रेडः लम्बाइ ६ फिट भन्दा बढी, गोलाइ ५ फिटदेखी ६ फिटसम्म, किरा लागेको भए ५ प्वालसम्म, चिरिएको/चर्केको, गांठो भएको/बोक्रा भित्र पसेको, धोद भएको र ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशत भन्दा कम चिरान काठ उत पादन हुन सक्ने ।

(ग) "सी" ग्रेड : लम्बाई २.५ फिट भन्दा बढी, गोलाइ २.५ फिटदेखी ६ फिट सम्म, चिरिएको, चर्केको, गांठो भएको, बोक्राभित्र पसेको, धोद भएको, पसाङ्गिएको किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको,मक्किएको/सडेको रिङ्ग भएको र ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(४) **खोटे सल्ला :**

(क) "ए" ग्रेड : लम्बाई ७ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा बढी, किरा लागेको भए बढीमा २   प्वालसम्म र ६५ प्रतिशत र सो भन्दा बढी चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) "वी" ग्रेड : लम्बाइ २.५ फिट भन्दा बढी, गोलाइ ५ फिट भन्दा कम, चिरिएको/चर्केको, गांठो भएको/बोक्रा भित्र पसेको, धोद भएको, पसाङ्गिएको, किरा लागेको भए ५ प्वाल भन्दा बढी भएको,मक्किएको/सडेको रिङ्ग भएको र ६५ प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुन सक्ने ।

(ख) **बल्लाबल्ली :**

(क) "ए" ग्रेड : लम्बाई ६ फिट भन्दा बढी, गोलाइ २ फिट देखि २ फिट ११ इन्चसम्म, चिरिएको र फाटेको ।

(ख) "वी" ग्रेड : लम्बाई ६ फिट भन्दा बढी, गोलाइ १ फिट ४ इन्च देखि १ फिट ११ इन्चसम्म, चिरिएको, फाटेको, बाङ्गो टिङ्गो भएको ।

**स्पष्टीकरण :** यस अनुसूचीको प्रयोजनको लागि "**बल्लाबल्ली**" भन्नाले फेदमा ३ फिट भन्दा कम गोलाइ भएको र ६ फिट भन्दा बढी लम्बाइ भएको गोलिया काठ जनाउंछ ।

**(५) गोलिया तथा चिरान काठ र दाउराको मूल्य निर्धारण गर्ने प्रयोजनको लागि मापन गर्दा देहाय वमोजिम गर्नु पर्नेछ :**

**(क) गोलिया काठ :**

**(अ) लम्बाइ :**

(१) लम्बाई मापन गर्दा फेददेखी टुप्पो पट्टि घट्दै गएको गोलियाको लागि गोलियाको बीच भागमा बोक्रा मुनि गोलाई मापन गर्नु पर्नेछ ।

(२) फेद, टुप्पो पट्टि अथवा कही बीच भागमा एउटै गोलाइ नभएको गोलियाको लागि गोलियाको दुबै छेउमा गोलाइ नाप गरी त्यसको औसत नाप कायम गर्नु पर्नेछ ।

(३) गोलियाको बीच भागमा कुनै ठुलो गांठो अथवा खाल्डो छ भने त्यस भागलाई छोडेर नजिकको दुई भागमा नाप गरी औसत नाप निकाल्नु पर्नेछ ।

(४) गोलिया असमान रुपले फैलिएको वा सांघुरो भएको छ भने ३ ठांउमा (२ वटा छेउमा र बीच भागमा) गोलाइ नापी औसत गोलाइ कायम गर्नु पर्नेछ ।

(५) लम्बाइ मापन गर्दा नजिकको फिटमा ८ इन्च माथि १ फिट, ४ इन्चदेखी ८ इन्चसम्म ०.५ फिट र ४ इन्च मुनि ० फिट मापन गर्नु पर्नेछ ।

**(आ) गोलाइ** : गोलाइ मापन गर्दा नजिकको इन्चमा ४ लाइन भन्दा माथि १ इन्च र ४ लाइनसम्म ० इन्च मापन गर्नु पर्नेछ ।

**(ख) चिरान काठ :**

**(अ) लम्बाइ :**

(१) चिरान काठको लम्बाई मापन गर्दा छड्के भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

(२) चिरान काठको चौडाइ मापन गर्दा नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

(आ) **चौडाई र गोलाई** : चिरान काठको चौडाइ र मोटाई मापन गर्दा बाहिरी भागको मक्किएको, सडेको भागलाई कटाएर नजिकको इन्चसम्म मापन गर्नु पर्नेछ ।

**(ग) दाउरा : दाउरा मापन चट्टामा देहाय बमोजिम हुनेछ :**

एक चट्टा (५०० घन फिट) = २० फिट X ५ फिट X ५ फिट

**(६) धोदकट्टी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :**

(क) गोलिया काठको एकापट्टिको छेउमा मात्र भएको धोद रिङ्ग/सडेको भागको हकमा गोलिया काठको लम्बाइसम्म रहेको धोदको लम्बाई नाप गरी कायम गर्नु पर्नेछ । धोदको क्षेत्रफल (Cross Sectional Area) निकाल्दा सबै भन्दा लामो साइड नापी क्षेत्रफल निकाल्नु पर्नेछ । धोदको आयतनको लागि धोद लम्बाई र क्षेत्रफल गुणन गरी निस्कने धोदको आयतनलाई गोलियाको आयत( नमा कट्टा गरी गोलिया वास्तविक आयतन कायम गर्नु पर्नेछ ।

(ख) गोलिया दुबै पट्टिको छेउमा भएको धोद कट्टि गर्दा पुरै गोलियाको लम्बाइ कायम गर्नु पर्नेछ । धोदको क्षेत्रफल निकाल्न दुबै छेउको धोदको सबै भन्दा लामो साइड नापी दुबै क्षेत्रफलको औसत क्षेत्रफल यकिन गरी त्यसलाई धोदको लम्बाइले गुणन गरी धोदको आयतन कायम गरी त्यसलाई गोलियाको आयतनमा घटाइ गोलियाको वास्तविक आयतन कायम गर्नु पर्नेछ ।

अनुसूची :४

## परियोजनावाट उत्पादित वन पैदावारहरुको विक्री मूल्य

## व.पै.वि.स.के.का.निर्णय मिति : २०६९।११।२१

| क्र. सं. | वन पैदावार | लिलाम मूल्य रु प्रति क्यूफि/चट्टा | घरकाज मूल्य रु प्रति क्यूफि/चट्टा | कैफियत |
|---|---|---|---|---|
| १. | **मसला पोल** | | | |
| | लम्बाई ८-९ मि.सम्म | ४५१।०० | ४१०।०० | |
| | लम्बाई ९ मि. र माथि | ४६१।०० | ४२०।०० | |
| २. | **साल पोल** (मोटाई (Midgirth) २ फिट र लम्वाई ९ मि. सम्मको | | ४५०।०० | |
| ३. | **मसला गोलिया** | | | |
| | गोलाई ४' मुनि लम्बाई १६ ' सम्म | ५८५।०० | ४२५।०० | |
| | गोलाई ४' र माथि लम्बाई १६' सम्म | ६३५।०० | ४५०।०० | |
| ४. | **सिसौ गोलिया** | | | |
| | गोलाई ३' मुनि | ७२५।०० | ५५०।०० | |
| | गोलाई ३'-४' मुनि | १०२५।०० | ८२५।०० | |
| | गोलाई ४' गोलाई र माथि | १३५०।०० | १२००।०० | |
| ५. | **टिक गोलिया** | | | |
| | गोलाई ३' मुनि | १००५।०० | ८५०।०० | |
| | गोलाई ३'-४' मुनि | १२०५।०० | १०५०।०० | |
| | गोलाई ४' गोलाई र माथि | १६००।०० | १२५०।०० | |
| ६. | **सतिसाल** | | १७५०।०० | |
| ७. | **साल गोलिया** | | | |
| | गोलाई ४' मुनि | | ७००।०० | |
| | गोलाई ४' र माथि | | ९००।०० | |
| ८. | **खयर गोलिया** | | १०००।०० | |
| | खयर गोलिया प्रति के.जी. | | ३३।०० | |
| ९. | असना, कर्मा र जामुन गोलिया | | A ५००।००<br>B ४५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| १०. | हर्रो,बर्रो,टुनी, सिरिस गोलिया | | ४५०।०० | |
| ११. | भुडकुल, गुटेल गोलिया | | २५०।०० | |
| १२. | सल्लो गोलिया | | २५०।०० | |
| १३. | सौर,चिलाउने, फल्दू, | , | २४५।०० | |
| | वोट धंएरो, बांभ्की | | २५०।०० | |
| १४. | कुसुम,पटके, हल्लौड र अन्य जात गोलिया | | २५५।०० | |
| १५. | सल्लो | | २७०।०० | |
| १६. | गम्हारी | | A ६५०।००<br>B ५००।०० | |
| | **दाउरा (प्रति चट्टा)** | | | |
| १५. | मसला दाउरा | | ३२,०००।०० | |
| १६. | सिसौ दाउरा | | ४७,०००।०० | |
| १७. | टिक दाउरा | | ४८,०००।०० | |
